मजदुर
The Worker Daily दैनिक
○ ग्राहक बन्नु परेमा
○ नवीकरण गर्नु परेमा
○ पत्रिका नियमित नआएमा
○ वितरकहरुसँग नगदी रसिद
बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : ५४ ★ ने. सं. ११४४ चिल्ला थ्व, अष्टमी ★ आइतबार ★ ४ चैत, २०८० ★ March 17, 2024, Sunday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

# जनताको सरकार आएमात्र गरिब जनताको सेवा हुने




भक्तपुर, ३ चैत । नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी किसान सङ्घको सातौं भक्तपुर नगर सम्मेलनको शनिबार उद्घाटन भयो ।

उक्त कार्यक्रमको उद्घाटन गर्दै नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले देशका कलकारखाना तथा उद्योगहरू ध्वस्त पारेर, भारतसँग महँगोमा किन्न बाध्य पार्ने नेपाली शोषक र भारतीय शोषकहरूको विरोध गर्नुपर्नेमा जोड दिनुभयो ।

उत्पादन घट्दा देशलाई पनि घाटा हुने विचार व्यक्त गर्दै उहाँले नेपालीलाई बाहिर पठाएर भारतीय नागरिकहरू नेपालमा भित्र्याएर स्वदेशी पैसा विदेश पुऱ्याएर नेपालको अर्थतन्त्रलाई कमजोर पार्ने काम शासकहरूले गरिरहेको बताउनुभयो ।

पुँजीवादी सरकारले गरिब जनताको सेवा नगर्ने स्पष्ट पार्दै अध्यक्ष रोहितले भन्नुभयो, “जनताको सरकार आएमात्र गरिब जनताको सेवा हुन्छ ।”

ज्येष्ठ नागरिकहरूको लागि आदर निकेतन र बालबालिकाहरूको निम्ति शिशु स्याहार केन्द्र खोल्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले पुराना अग्रज किसान कार्यकर्ताहरूलाई किसान सङ्घले सम्झनुपर्ने र उनीहरूको अनुभव नयाँ पुस्तासमक्ष पुऱ्याउनुपर्नेमा जोड दिनुभयो ।

सम्पत्तिले ज्येष्ठ नागरिकहरूको आदर र सम्मान नहुने उल्लेख गर्दै उहाँले भन्नुभयो, “हामीले आफूमात्र जोग्ने होइन अरूलाई पनि जोगाउनुपर्छ, सङ्गठन नभएको ठाउँ र देशमा आचरण, शिष्टता हुँदैन, कसैलाई कसैको मतलब हुँदैन । पुराना र नयाँ कार्यकर्ताहरूको बरोबर भेटघाट गरेर देश विदेशको विषयमा प्रशिक्षित पार्नुपर्छ ।”

नेमकिपाका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सृजना सैँजुले देशको राजनीति भद्रगोल, अस्थिर र अर्थतन्त्रको स्थिति दयनीय हुनुमा शासकहरू नै जिम्मेवार छन् भन्नुभयो ।

कृषिप्रधान देशमा कृषकको आर्थिक र सामाजिक स्थिति कमजोर रहेको स्पष्ट पार्दै उहाँले मल कारखाना नखोली कमिसनको चक्करमा फसेको र कल कारखाना ध्वस्त गरेर देशमा बेरोजगारी समस्या निम्त्याएको बताउनुभयो ।

भारतबाट भन्सार नतिरी नेपालमा सामान भित्र्याउँदा नेपाली सामान महँगो भएर नबिकेको र राज्यले किसानलाई प्राथमिकता नदिँदा देशको अर्थतन्त्र कमजोर भएको स्पष्ट पार्दै उहाँले भारतसँग महँगोमा किन्ने नेपालको सस्तोमा बेच्ने देशको अर्थतन्त्र कस्तो भनी प्रश्न गर्नुभयो ।

नेपालमा कृषिमा सुधार नभएसम्म देश नबन्ने विचार व्यक्त गर्दै उहाँले देशको ऋण रु. २४ खरब पुगेको छ भन्नुभयो ।

देशमा भारतीय विस्तारवाद र भारतीय एकाधिकार पुँजीको प्रभाव बढिरहेकोमा चिन्ता व्यक्त गर्दै सांसद सैँजुले तिब्बतको नाका सरकारले खोलेको भए मलगायत अन्य दैनिक जनजीवनसित सम्बन्धित सामान भित्रिएर नेपाली जनताको जीवन सहज हुने बताउनुभयो ।

चीन विश्वमा आयात निर्यात गर्ने, ऋण नभएको देश भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, “चीन आफैँ उत्पादन र उपभोग गर्छ । चीनले १० करोड जनतालाई गरिबीबाट मुक्त गऱ्यो । ३३ वर्षको अवधिमा नेपाल ध्वस्त भयो तर चीन समृद्ध भयो । यसको कारण सिद्धान्त, विचार र त्यहाँको व्यवस्थापन नै हो ।”

अन्धविश्वास, कुरीति र विकृतिबाट जोगाउन महिलामाझ पनि राजनीतिक शिक्षा दिनुपर्छ, आ-आफ्ना सन्तानलाई आफ्नो अनुभव बताउन र सङ्गठनमा गएर काम गर्न उत्प्रेरित गर्नुपर्छ, उहाँले भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष गोविन्द दुवालले पार्टीको नीति निर्देशनमा किसान

***बाँकी पृष्ठ ८ मा***

# अन्तरनगर महिला कबड्डी प्रतियोगिता सम्पन्न, मेलौली नगरपालिका प्रथम



भक्तपुर, ३ चैत । भक्तपुर नपाको आयोजनामा फागुन २९ गतेबाट सुरु भएको अन्तरनगर महिला कबड्डी प्रतियोगिताको समापन समारोह सहिद स्मृति खेलमैदानमा शनिबार एक कार्यक्रमबिच सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले गणतन्त्रमा समेत सहिदहरूको सपना पूरा नभएको र यसमा सिंहदरबारमा बस्ने राजनैतिक पार्टीहरू प्रमुख दोषी रहेको बताउनुभयो । सहिदहरूको सपना पूरा गर्न विद्यालय शिक्षा नि:शुल्क, रोजगारी, योग्यताअनुसार काम दिनुपर्ने र दिन प्रतिदिन व्यापार घाटा बढ्दै जाँदा देशको अर्थतन्त्र खतरामा पुगेको बताउनुभयो । उहाँले सरकारबाट नै नेपालको चुरे क्षेत्र दोहन भइरहेको र तराई मरुभूमिमा परिणत हुने खतरा बढेको बताउनुभयो । नेपालका सबै नदीनाला भारतलाई सुम्पिने काम नेपाल र नेपाली जनताको हितमा नभएको स्पष्ट पार्दै अन्तरनगर कबड्डीमार्फत नपाले सहिदहरूलाई सम्झिरहेको बताउनुभयो ।

भनपाका प्रमुख सुनिल प्रजापतिले भनपाले खेलकुद क्षेत्रलाई प्राथमिकता राख्दै आएको र घोषणापत्रअनुसार काम गर्दै आइरहेको बताउनुभयो । नपाले खेलकुद क्षेत्रमा नियमित प्रशिक्षण दिँदै आइरहेको अवगत गराउँदै अन्तरनगर खेलकुद प्रतियोगिताले नगरपालिकाबिच एक आपसमा अनुभव साटासाट गर्ने अवसर प्राप्त भएको बताउनुभयो । समाजमा महिला र पुरुषबिच असमानता रहेकोले महिलालाई खेलकुद क्षेत्रमा आकर्षित गर्ने उद्देश्यले नगरपालिकाले नेपालमै पहिलोपटक महिला कबड्डी प्रतियोगिता आयोजना गरेको बताउनुभयो । साथै सरकारकै नीतिका कारण युवा जनशक्ति बिदेसिनु परेको उहाँले बताउनुभयो ।

वाग्मती प्रदेश सभाका सदस्य सृजना सैँजुले भक्तपुर नपाले अन्तरनगर खेलमार्फत पालिका र पालिकाबिच खेलकुदले जोडेको बताउनुभयो । भक्तपुरको शैक्षिक, धार्मिक, रहनसहन, स्वास्थ्य, पर्यटन प्रचारप्रसार हुने र यसले नगरपालिकाबिच सहकार्य र मित्रता बढ्ने बताउनुभयो । महिलाबिचको खेलकुद प्रतियोगिताले खेलजगतमा महिलाको सक्रिय सहभागिता बढ्ने र कामदारवर्गको छोरीलाई जुझारु बन्न प्रोत्साहित हुने बताउनुभयो ।

कार्यक्रममा एसियन कबड्डी फेडेरेसनका उपाध्यक्ष बिनोद प्रजापतिले भनपाले आयोजना गरेको महिला कबड्डी प्रतियोगिताप्रति आभार प्रकट गर्दै महिला कबड्डी खेलको विकासमा भक्तपुर नगरपालिकाको भूमिका अत्यन्तै महत्त्वपूर्ण रहेको बताउनुभयो । उहाँले २०५५ सालमा नपाले अन्तरनगर कबड्डी प्रतियोगिता आयोजना गरेको स्मरण गर्नुभयो ।

शनिबार भएको बुटवल उपमहानगरपालिका र मेलौली नगरपालिकाबिचको फाइनल खेलमा मेलौलीले बुटवललाई ५२-२० अङ्कले पराजित गऱ्यो भने मेलौलीका रविना चौधरी म्यान अफ द म्याच घोषित भए ।

***बाँकी पृष्ठ २ मा***

मुखको स्वास्थ्यमा ध्यान दिऔं

दाँत तथा मुखको रोगले मानव स्वास्थमा गम्भीर असर पार्ने हुँदाः
- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Teachers Wanted**

We are inviting application from well qualified, dynamic and enthusiastic candidates for the academic Year 2081.

| S.N. | Level | Subject | Qualification | Required |
|---|---|---|---|---|
| 1. | Kindergarten | | +2 Passed | 2 |
| 2. | Primary Level | Maths, science, English | +2 Passed | 6 |
| 3. | Lower Sec. | Social Studies | Bachelor Passed | 1 |
| | | Maths | Bachelor Passed | 1 |
| | | English | Bachelor Passed | 1 |
| 4. | Driver | | | 1 |

Interested Candidates may drop their CV along with a hand written letter by 12 Chaitra 2080.

**KHWOPRING ENGLISH ACADEMY (SEC.)**
Libali, Bhaktapur Municipality-8, ph: 01-6616416/5122010

# विद्यार्थीहरूलाई किताबी ज्ञानसँगसँगै असल संस्कार दिनुपर्छ




भक्तपुर, ३ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यार्थीहरूलाई किताबी ज्ञानसँगसँगै असल संस्कार र व्यवहार पनि सिकाउनुपर्ने धारणा राख्नुभएको छ ।

हिमालयन इङ्गलिस सेकेन्डरी स्कूलको वार्षिक कार्यक्रम तथा एसईई उत्तीर्ण विद्यार्थीहरूको बिदाइ कार्यक्रममा उहाँले विद्यालयहरूले आयोजना गर्ने अतिरिक्त क्रियाकलापका गतिविधिले विद्यार्थीहरूमा रहेको प्रतिभा प्रस्फुटन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

यहाँको शिक्षा, स्वास्थ्य, खेलकुद, सम्पदा संरक्षणलगायतका क्षेत्रमा उल्लेखनीय कार्यहरू गर्दै आइरहेको बताउँदै भक्तपुरमा अध्ययनरत विद्यार्थीहरूलाई यहाँको कला, संस्कृति, भाषा, संस्कार आदि सिकाउन विद्यालयहरूमा स्थानीय पाठ्यक्रममार्फत अध्ययन अध्यापन गराउँदै आइरहेको चर्चा गर्नुभयो । उहाँले नगरवासी विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ति प्रदान गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले एसईई २०७६ र २०७७ मा उत्तीर्ण विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

# समाज परिवर्तनको निम्ति कामदार जनताको सङ्गठित शक्ति आवश्यक



कैलाली, ३ चैत । नेपाल क्रान्तिकारी महिला सङ्घ कैलाली जिल्ला समितिको आयोजनामा 'केटीहरू' बुलेटिन (अङ्क १५ र १६) को शनिबार अध्ययन गोष्ठी भयो ।

उक्त गोष्ठीमा नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले समाज परिवर्तनको निम्ति कामदार जनताको सङ्गठित शक्ति आवश्यक भएको बताउनुभयो ।

श्रमजीवी जनताले पहिलोपटक सत्ता कब्जा गरेको सन् १८७१ को पेरिस कम्युनमा सङ्गठन र नेतृत्व बलियो भएको भए प्रतिक्रियावादीहरूले सजिलै दबाउन नसक्ने चर्चा गर्दै उहाँले इतिहासबाट सिक्दै सन् १९१७ मा रुसमा समाजवादी अक्टोबर क्रान्ति भएको स्पष्ट पार्नुभयो ।

हिटलरको फासीवादी नाजी सेनालाई जनताको सङ्गठित शक्ति र नेतृत्वको बलमा पराजित गर्न सफल भएको उल्लेख गर्दै उहाँले संशोधनवादी विचारका कारण सोभियत समाजवादको अस्थायी हार र विघटन भएको हो; समाजवादले नै कामदार जनताको हित गर्छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले समान अवसरको लागि हाम्रो सङ्घर्ष आवश्यक भएको चर्चा गर्दै वर्गीय समाजको अन्त्यका लागि सक्रियता आवश्यक छ भन्नुभयो ।

पुँजीवादी पार्टीमा लाग्ने जनतालाई वास्तविक कुरा थाहा नपाउँदा दुःख बढेको उल्लेख गर्दै उहाँले नयाँ पुस्तकलाई सानै उमेरदेखि वर्ग शत्रु र वर्ग मित्रबारे राम्ररी बुझाउन आवश्यक छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङले कार्यकर्ताहरू औपचारिकतामा सीमित हुन नहुने, वास्तविक समस्यामा छलफल गरी समाधानतर्फ लाग्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

किसानको जीवनस्तर उकास्न कृषि तालिमको व्यवस्था गर्न सकिने विचार व्यक्त गर्दै उहाँले हाम्रो उत्पादन राम्रो भए गतिविधिमा थप सक्रिय हुनसक्छौँ; विद्यार्थीलाई देशको विभिन्न पदमा पुगेर देश र जनताको सेवा गर्न लगाउने गरी तयार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

स्वास्थ्यकर्मी रविना सुवालले परिवर्तनको लागि पढेर मात्र हुन्न आफैँले गरेर देखाउनुपर्छ भन्नुभयो ।

भारतले सिमाना मिचेको, नदी कब्जा गरेको कुरा सुनेको तर अहिले आफ्नै आँखाले देख्दा बढी बुझेको उल्लेख गर्दै उहाँले शारीरिक स्वास्थ्यसँगसँगै मानसिक स्वास्थ्यको पनि ख्याल राख्नुपर्छ भन्नुभयो ।

लक्ष्मी पुनमगरको सभापतित्वमा भएको सो कार्यक्रममा रमेशकुमार रावल, प्रेम बडुवाल, रत्नादेवी रावल, तारा तिरुवा, जानकी शाही, गोवर्द्धन तारामी, आयुषा शाही, भावना शाही र वसन्ती पुनमगरले पनि बोल्नुभएको थियो ।

# सूर्यविनायकमा नेक्रायुसङ्घ नगर समिति गठन

सूर्यविनायक, ३ चैत । नेपाल क्रान्तिकारी युवा सङ्घ, सूर्यविनायक नगर सम्मेलन तयारी समिति गठन भएको छ । शनिबार सम्पन्न युवा भेलाले रोशन मचामसीको संयोजकत्वमा २३ सदस्यीय समिति गठन गरेको हो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले जनताबिच रहने युवा कार्यकर्ताहरूलाई राजनीतिक तथा सैद्धान्तिक कक्षा सञ्चालन गर्नुपर्ने विचार राख्नुभयो । उहाँले सामन्तवादी तथा पुँजीवादी समाजमा कमजोरलाई हेपिने भन्दै मजदुर र किसानलाई सचेत तथा सङ्गठित गरेर बलियो बनाउन सकिने धारणा राख्नुभयो । युवा सङ्गठनमा महिला कार्यकर्ताको सहभागिताको वातावरण बनाउन सल्लाह दिँदै उहाँले देशको सार्वभौमिकता रक्षाको निम्ति युवा कार्यकर्ता नै अग्रसर हुनुपर्ने विचार राख्नुभयो ।

नेमकिपा, सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वातीले युवाहरू सामाजिक क्षेत्रमा पनि उत्तिकै सक्रिय हुनुपर्ने धारणा राख्नुभयो ।

नेक्रायुसङ्घ, भक्तपुर जिल्ला समितिका सदस्य एचएस सुवालले समाजवादी आन्दोलन अगाडि बढाउन युवाको सक्रियता आवश्यक भएको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष रोशन मचामसीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सुरेश बखुन्छे र लक्ष्मीप्रसाद सुवालले पनि मन्तव्य राख्नुभएको थियो ।

# इन्जिनियर हाडालाई मातृशोक

भक्तपुर, ३ चैत । नेमकिपाका शुभचिन्तक एवम् इन्जिनियर राजेन्द्र हाडाकी ममतामयी माता रामेश्वरी हाडाको शनिबार बिहान आफ्नै निवासमा निधन भएको छ । मृतक हाडाको सोही दिन हनुमानघाटमा अन्त्येष्टि गरिएको थियो ।

दुई छोरी र तीन छोराकी आमा रामेश्वरी हाडाको जन्म वि.स. १९९० असार १४ गते भएको थियो । कान्छा छोरा शिवओम हाडाले दागबत्ती दिनुभएको थियो ।

जेठा छोरा वीरेन्द्र हाडा केही वर्षअघि बित्नुभएको थियो ।

माहिला छोरा राजेन्द्र हाडा विद्यार्थी निकेतन माविको व्यवस्थापन समिति सदस्य, ख्वप अस्पताल, इन्जिनियरिङ कलेज, शारदा मावि र पद्म मावि भवन निर्माणमा आबद्ध हुनुहुन्छ ।

मृतक हाडा लामो समयदेखि बिरामी हुनुहुन्थ्यो ।

*अन्तरनगर...*

कार्यक्रममा प्रमुख अतिथि सुवालले विजयी प्रतियोगीहरूलाई प्रमाणपत्र, शिल्ड र नगद पुरस्कार वितरण गर्नुभएको थियो ।

अन्तरनगर महिला कबड्डी खेलमा बेस्ट रेडतर्फ मेलौली नपाका रविना चौधरी, बेस्ट डिफेन्डरतर्फ मेलौली नपाका रोशनी साउद, सर्वोत्कृष्ट खेलाडीतर्फ मेलौली नपाकै जयन्ती बडु घोषित भएका थिए ।

कार्यक्रममा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले स्वागत मन्तव्य दिनुभएको थियो भने वडाध्यक्ष उपेन्द्र सुवाल र वडा सदस्य रामसुन्दर बासीले पनि बोल्नुभएको थियो ।

# मेरो त्यो अधुरो सपना

*- मनिला प्रजापति*

सानो हुँदा कसैले पछि के बन्छौ ? भनेर सोध्दा म यो बन्छु भनेर भन्न कति सजिलो थियो । मेरो पनि छुट्टै सपना थियो, सानो हुँदा त मलाई म के बन्छु भनेर राम्रोसँग सोचेको पनि थिइन । तर, मेरो आमाले बारम्बार मलाई विमान परिचारिकाको बारेमा भनिरहँदा मलाई पनि यस क्षेत्रप्रति संलग्न हुन मनलाग्न थाल्यो । एभिएसन इन्डस्ट्रीको हिस्सा बन्न मन लाग्न थाल्यो । वायुसेवा यात्रुहरूको यात्रा समयमा सुरक्षाको सम्झौता गर्ने विमान परिचारिकाहरूको त्यो व्यक्तित्व मनपर्न थाल्यो । त्यसपश्चात् मलाई पनि एयर होसटेस बन्न मन भयो ।

**मेरो मात्र होइन यो सपना**

पहिलादेखि नै मेरी आमाले मलाई विमान परिचारिका बनाउने उहाँको इच्छाबारे भनिराख्नु हुन्थ्यो । विमान परिचारिकाको आकर्षक, मनमोहक व्यक्तित्व, इमानदारी एकदमै मनपराउनु हुन्थ्यो । तर, समय अभावका साथै परिवारसँगको गहिरो सम्बन्धले गर्दा परिवारबाट टाढा भएर काम गर्न उहाँले नसकिने जस्तो अनुभूति भयो । उहाँ आफ्नो सपनालाई त्याग गरी पारिवारिक जिम्मेवारी पूरा गर्नेतर्फ लाग्नुभयो । उहाँको त्यो अधुरो इच्छा पूरा गर्ने सपना ममा देख्नुहुन्थ्यो । यस क्षेत्रप्रतिको उहाँको लगाब पहिल्यैबाट सुन्दै आएकी थिएँ । विमान परिचारिकाको व्यक्तित्व एकदमै मनपराउनुहुन्थ्यो । यी सबै कुराहरू सुनेर मलाई पनि एयर होस्टेस बन्न एकदमै मन हुनथाल्यो । मेरो मात्र नभई यो सपना मेरी आमाको पनि हो । मेरी आमाबाट नै म एयर होस्टेस बन्छु भनेर प्रेरित भएकी थिएँ । मेरो यो सपना पूरा होस् भन्ने चाहनाले उहाँले मलाई जीहल्यै साथ र हौसला दिँदै आइरहनुभएको छ ।

**मैले यसको लागि गरेको तयारी**

मेरो यो सपनालाई वास्तविकतामा परिणत गर्न पहिला त सम्बन्धित क्षेत्रमा डिग्री हासिल गर्न जरुरी छ । त्यसैको लागि मैले सम्बन्धित क्षेत्रबाट तालिम लिएँ । त्यहाँ गएर मैले धैरै कुराहरू सिक्ने मौका पाएँ । त्यहाँ गएपछि थाहा भयो एयर होस्टेसहरूको जिम्मेवारी त कति कठिन रहेछ भनेर । आपत्कालीन समयमा आफूभन्दा पहिले यात्रुलाई कसरी सुरक्षित गर्ने ? के सुझाव दिने ? यात्रुको सुरक्षाका लागि के गर्नुपर्छ जस्ता कुराहरू सिकेँ । योबाहेक पनि ग्रमिङ, स्विमिङ्जस्ता धेरै कुराहरू पनि सिक्न पाएँ । मैले एयर होस्टेस बन्न आवश्यक उडान प्रशिक्षण प्राप्त गरेँ । उडान प्रशिक्षणको आर्थिक बोझदेखि पेसाको माग गरिरहेको अहिलेको प्रकृतिसम्म धेरै अवरोधहरू आइरहेको छ । मैले यसको लागि आवश्यक पर्ने सम्पूर्ण तालिमहरू लिइसकेपश्चात् यसको लागि मैले प्रयास गर्दै आइरहेको छु ।

**मेरो सपना अधुरो हुनुको कारण**

आवश्यक प्रशिक्षणहरू त मैले प्राप्त गरेँ । तर, पनि एउटा कुराको कमी भने महसुस भएको थियो; मेरो उचाइ । आजभोलि सबै क्षेत्रमा प्रतिस्पर्धा र चुनौती हुन्छ । विशेषगरी यो पेसामा त झन् बढी नै छ जस्तो लाग्छ । यो पेसामा संलग्न हुन राम्रो र आकर्षक व्यक्तित्व मात्र हैन उचाइ पनि उति कै हुनु आवश्यक छ । आन्तरिक उडानका लागि ५ फिट २ इन्च उचाइ चाहिन्छ । मेरो भने पहिला ५'१" मात्र थियो । आकर्षक व्यक्तित्वमात्र भएर के गर्ने खै मेरो त उचाइ नै नपुगेपछि । पहिले हाइट कम भए पनि वास्ता गर्दैनथ्यो ।

**गर्दै आइरहेको प्रयास**

मेरो प्रयास जारी नै थियो । तालिम सकेपछिको पहिलो प्रयास मेरो असफल नै रह्यो । त्यसपश्चात् उचाइ बढ्छ कि भन्ने आशाले मैले दैनिक योगा, व्यायाम गर्न थालेँ । एक डेढ वर्षपश्चात् त साँच्चै नै आधा इन्च जति उचाइ बढ्यो । ५ फिट २ इन्च अझै पुगेको छैन; मनमा लाग्दा पनि मैले दोस्रोपटक फेरि आवेदन दिएँ । त्यसमा म सफल त भएकी थिइन तर पनि त्यति प्रयास गरेकोमा म एकदमै सन्तुष्ट र खुसी भएकी थिएँ । मेरो कोसिस अझै पनि छ; त्यो आधा इन्चको लागि म अहिले पनि दैनिक व्यायाम र योग गरिरहेकी छु । म मेरो यो सपना प्राप्त गर्न अझै पनि प्रयास गरिराख्नेछु ।

**मेरो भावी योजना**

यो सपना सँगसँगै मैले पत्रकारिता पनि पढ्दै गरेकी छु । म अहिले पत्रकारिता विषय लिई चौथो वर्षमा अध्ययनरत विद्यार्थी हुँ । मेरो एयर होस्टेस बन्ने सपना त छँदै छ तर समाचार लेख्ने, कार्यक्रम चलाउने यो इच्छाले पनि मैले विभिन्न रेडियो कार्यक्रमहरू चलाउने, समाचारहरू लेख्ने गरिसकेकी छु । जिन्दगीको जुन मोडमा पुगे पनि मेरो विमान परिचारिका बन्ने सपनासँगै मेरो पढाइ विषय पत्रकारितालाई पनि निरन्तरता दिई अगाडि बढ्दै जान चाहन्छु ।

# तलेजु साकोसको अर्ध वार्षिक समीक्षा गोष्ठी




भक्तपुर, ३ चैत । तलेजु बचत तथा ऋण सहकारी संस्था लि.को अर्धवार्षिक समीक्षा गोष्ठी शनिबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले संस्थाको उद्देश्यहरू पूरा गर्न सञ्चालक समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्न र सदस्यहरूको सांस्कृतिक स्तर उठाउन समीक्षा गोष्ठीले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गर्नुभयो ।

संस्थाका अध्यक्ष कमलनारायण धुख्वाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा संस्थाका सचिव शिवराम धुख्वाले प्रगति प्रतिवेदन र कोषाध्यक्ष तुल्सीकृष्ण बाटीले अर्धवार्षिक आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । संस्थाका निवर्तमान अध्यक्ष रामकृष्ण त्वायना, रामहरि गोरा, लेखा सुपरिवेक्षक समितिका संयोजक राजु शिल्पकार, लक्ष्मीसुन्दर स्वंगमिखा र लक्ष्मीप्रसाद गोराले पनि बोल्नुभएको थियो ।

# नयाँ प्रविधिले अस्पतालको फोहर व्यवस्थापनमा सहज

पर्वत, ३ चैत । दैनिकजसो जोखिमयुक्त फोहर जलाउँदा दुर्गन्ध फैलिएपछि पर्वत अस्पतालमा नयाँ प्रविधिबाट फोहर व्यवस्थापन गर्न थालिएको छ ।

जोखिमयुक्त फोहर जलाउँदा धुँवाले दुर्गन्ध फैलिने, कन्टेनरमार्फत डम्पिङसाइडसम्म लैजाँदा बजार क्षेत्रमा सङ्क्रमण फैलिनेजस्ता समस्या भएपछि नयाँ मेसिन भित्र्याएर व्यवस्थापन गर्न थालिएको हो । अहिले अस्पतालको फोहर 'अटो क्लेप्स' मेसिनमार्फत नष्ट गर्न थालिएको छ ।

दैनिकजसो सयौँ बिरामी उपचारका लागि आउने अस्पतालमा फोहरको मात्रासमेत अत्यधिक हुने गरेपछि नयाँ प्रविधि भित्र्याएर अस्पतालभित्रै व्यवस्थापन गर्न थालिएको पर्वत अस्पताल व्यवस्थापन समितिका अध्यक्ष शङ्कर गिरीले जानकारी दिनुभयो ।

विसं २०४६ मा अस्पताल स्थापना भएदेखि नै जोखिमयुक्त फोहर व्यवस्थापन गर्दा 'जलाउने विधि' रहेकोमा अहिले 'अटो क्लेप्स' मेसिनमार्फत व्यवस्थापन गर्न थालेपछि सङ्क्रमण फैलिने र दुर्गन्ध फैलिने दुवै समस्या हटेको उहाँले बताउनुभयो । फोहर जलाउँदा निस्केको धुँवाले अस्पतालमा उपचारका लागि आएका बिरामीमात्र हैन आसपासको बस्तीका बासिन्दालाई पनि प्रत्यक्ष असर गर्ने गरेको थियो ।

स्वास्थ्य संस्थाबाट नै उत्सर्जन भएको धुँवाले वातावरण प्रदूषित बनाउँदै स्थानीयलाई समेत असर गरेपछि अस्पतालमा जोडिएको 'अटो क्लेप्स' उपकरणले धुँवा विस्थापन गरेको अध्यक्ष गिरीले बताउनुभयो । अस्पतालले रु. १० लाखको लागतमा उपकरण जडान गरिएपछि फोहर व्यवस्थापनमा सहज भएको हो ।

बस्तीभरि दुर्गन्ध फैलिएपछि स्थानीयवासीले आन्दोलननै गरेका थिए । धुँवाका कारण समुदाय नै दुर्गन्धित बनेको, बस्तीमा बस्न नै कठिन भएकोलगायतका समस्या भएपछि प्रदेश सरकारबाट आएको बजेटबाट अस्पताल व्यवस्थापन समितिमार्फत अटो क्लेप्स मेसिन जडान गरिएको हो । सोही उपकरणबाट फोहरलाई निर्मलीकरण गर्न थालेपछि जलाउनुपर्ने बाध्यताको अन्त्य भएको अध्यक्ष गिरीले बताउनुभयो ।

नागरिकको स्वास्थ्यमा प्रत्यक्ष असर गर्ने कीटाणु, रासायन वा अन्य पदार्थको सम्पर्कमा रहेको फोहरलाई नगरपालिकाको फोहर व्यवस्थापन गर्ने सवारीमा सिधै राख्दा उक्त रसायन, पदार्थ, कीटाणु हावा र पानीमा फैलिने जोखिमसमेत रहेको थियो । यस्तो फोहरले धेरैलाई सङ्क्रमित गर्ने वा स्वास्थ्यमा हानि पुऱ्याउन सक्ने भएकोले अस्पताल परिसरमा नै खाडल बनाएर सोही खाडलमा जलाउने गरिएकामा अहिले स्वास्थ्यमा असर नगर्ने खालका फोहर पदार्थ मात्रै नगरपालिकाको सवारीले उठाउने गरेको छ ।

पर्वत अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. हेमन्त बास्तोलाले फोहरको वर्गीकरण गरेर जोखिम बहन गरेका फोहरलाई सुरक्षित तवरले अस्पतालमै नष्ट गरिने र सामान्य खालका फोहरलाई नगरपालिकाको सवारीमा पठाउने गरिएको बताउनुभयो । फोहरलाई 'अटो क्लेप्स' मेसिनमा राखेपछि कम्तीमा पनि एक सय २२ डिग्री सेल्सियस तापक्रम कायम हुने गरी हानिकारक पदार्थलाई निष्क्रिय गरिदिन्छ । यसरी निर्मलीकरण गरिएको फोहर निकालेर सुकेपछि मात्रै नगरपालिकाको सवारीलाई दिने गरिएको उहाँको भनाइ छ ।

अस्पताल परिसरभित्रै व्यवस्थित फोहर व्यवस्थापन कक्ष स्थापना गरेर वाष्पीकरण विधिबाट सबै कीटाणु र जीवाणुलाई नष्ट गरिएकाले अहिले स्वास्थ्यकर्मी, बिरामी र समुदाय तथा आम नागरिकलाई पनि स्वस्थ रहन मद्दत गरेको डा. बास्तोलाले बताउनुभयो । ***रासस***



११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा कैलालीको लम्कीचुहा नगरपालिका, अमरपुरमा आयोजित महिला भेलामा नेक्रामहिलासङ्घका अध्यक्ष अनुराधा थापामगर बोल्नुहुँदै । *तस्बिर : मजदुर दैनिक*

# लागुऔषधको कुलतले निम्त्याउँदै छ अपराध

झापा, ३ चैत । लागुऔषधको कुलतमा फसेका युवाका कारण पछिल्लो समय अपराधका घटना बढेका छन् । फागुनको अन्तिम साता गौरादह-७ मा हजुरआमाको विभत्स हत्या गरेको आरोपमा नाति पक्राउ परेका जिल्ला प्रहरी कार्यालयले जनायो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक ढुण्डीराज गिरीका अनुसार गत फागुन २५ गते राति गाँजा खाएर लठ्ठ परेका १७ वर्षीय धीरज विश्वकर्माले लागुऔषध किन्न पैसा नदिएको निहुँमा ८२ वर्षीया हजुरआमा नरमाया विश्वकर्माको हत्या गरेका थिए ।

फलामे रडले हिर्काएर हजुरआमाको हत्या गरेपछि साथी लगाएर घरको ग्वालीमा शव गाडेको अवस्थामा फेला परेको प्रनि गिरीले बताउनुभयो । उहाँका अनुसार हाल नातिसहित चार जना अभियुक्त पक्राउ परिसकेका छन् ।

झापामा लागुऔषधका सेवनकर्ता र कारोबारीको सङ्ख्या बढेसँगै अपराधका घटनामा उनीहरूको संलग्नता पाइन थालेको प्रहरीले जनाएको छ । लागुऔषध किन्न आवश्यक पर्ने नगदका लागि उनीहरू चोरी र लुटपाटमा लाग्ने गरेका छन् । धेरैजसो घटनामा घर परिवार नै पीडित हुने गरेका कारण घटना बाहिर कम आउने गरेका प्रनि गिरीको भनाइ छ ।

गत फागुनमा प्रहरीले मेचीनगर-१५ मा एक दुर्व्यसनी युवाले चरेस किन्न नेपालबाट चोरी गरेको महँगो मोबाइल फोनको सेट भारतको खोरीबारीबाट फिर्ता ल्याएको थियो । चोरीको घटनामा आफन्त नै संलग्न भएकाले पीडितले मोबाइल फिर्ता पाएपछि अभियुक्तलाई कारबाही गराउनेतर्फ पहल गरेनन् ।

पछिल्लो समय जिल्लामा सुनका गहना, मोटरसाइकल र धातुका भाडावर्तन चोरीका घटना बाक्लै भएका छन् । प्रहरीले ती घटनामा लागुऔषधका दुर्व्यसनी नै संलग्न भएको आशङ्कामा अनुसन्धान गरिरहेको जनाएको छ । मेची बहुमुखी क्याम्पसका पूर्वप्रमुख चिन्तामणि दाहालको घरबाट गत फागुनमा १० तोलाभन्दा बढी सुनका गहना चोरी भएको थियो भने मेचीनगर-१० खयरडाँगीका हरि लिम्बूको घरबाट दिउँसै सुनका गरगहना चोरी भएको थियो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक गिरीले भन्नुभयो, "लागुऔषध सेवन गर्ने दुर्व्यसनीले घरको मालसामान बेच्ने मात्र होइन बाहिर जहाँसुकै पनि चोरी गर्न सक्छन् । जसरी पनि खानैपर्ने अवस्था भएकाले लागुऔषध किन्नका लागि पैसा जुटाउने मौका हेरिरहेका हुन्छन् । कतिपय अवस्थामा हत्याका घटनासमेत हुने गरेका छन् ।"

**कुलतमा फस्दै नवयुवा**

कुलतमा फसेका १६ देखि २५ वर्ष उमेर समूहका युवाको सङ्ख्या आधा रहेको तथ्याङ्कले देखाएको छ । जसमा विद्यालय पढ्दै गरेका कलिला युवाको संलग्नता धेरै छ । आर्थिक वर्ष २०८०/८१ को चालु आठ महिनामा लागुऔषधको कारोबारमा संलग्न भएको आरोपमा दुई सय ६५ पक्राउ परेका जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जसमा १६ देखि २५ वर्ष उमेर समूहका एक सय २० जना रहेका छन् ।

प्रहरी उपरीक्षक मिलन केसीका अनुसार सोही अवधिमा लागुऔषधको एक सय ७४ वटा मुद्दा दर्ता भएका छन् । जसमा दुई सय एक जना सेवनकर्ता छन् । पक्राउ परेकामा १५ जना भारतीय नागरिक रहेका उहाँले जानकारी दिनुभयो ।

पछिल्लो समय प्रहरीले पूर्वीनाका काँकडभिट्टा र पूर्वपश्चिम राजमार्गमा नियन्त्रण अभियानलाई केन्द्रित गर्दै निगरानी बढाएको प्रउ केसीले बताउनुभयो । उहाँका अनुसार नाकामा तैनाथ सुरक्षाकर्मीको आँखा छलेर भित्रिएका लागुऔषध राजमार्गका विभिन्न चेकप्वाइन्टमा बरामद हुने गरेका छन् ।

सीमावर्ती भारतीय बजार पानी टयाङ्कीमा खुलेआम लागुपदार्थको कारोबार हुने गरेको छ । प्रहरी उपरीक्षक केसीका अनुसार भारतीय बजारमा गाँजा, चरेसलगायत लागुपदार्थको बिक्री वितरण नेपाली ग्राहकलक्षित हुने गरेको छ । भद्रपुर, गौरीगञ्ज, केचना र बाहुनडाँगीबाट लुकाइछिपाइ ओसारपसार हुने गरेका कारण प्रहरीले ती नाकामा पनि निगरानीलाई कडाइ गरिरहेको प्रउ केसीको भनाइ छ ।

कारोबारीले पूर्वीनाकाबाट भित्रिएको लागुपदार्थ कोशी प्रदेशको विभिन्न पहाडी जिल्लादेखि राजधानी काठमाडौँसम्म पुऱ्याउने गरेका छन् । एक दशकयता सुईका माध्यमबाट प्रयोग हुने डाइजिपाम, फेनारगन, लुपेजेसिकजस्ता लागुऔषधको प्रयोग घट्दै र ब्राउनसुगर, गाँजा, चरेसलगायत वस्तुको प्रयोग बढ्दै गएको प्रहरी अधिकारीहरू बताउँछन् ।

झापामा भारतसँगको १४४ किलोमिटर खुला सीमा लागुऔषध कारोबार नियन्त्रणको चुनौती बनेको छ । पूर्वमा भारतको पश्चिम बङ्गाल र दक्षिणमा विहार प्रान्त रहेको छ । जिल्ला प्रहरी कार्यालयले लागुऔषध दुर्व्यसनविरुद्ध सचेतना अभियान सञ्चालन गरिरहेको जनाएको छ । स्थानीय समुदाय र विद्यार्थीलाई अभियानमा जोड्ने गरिएको छ । ***रासस***

# छोरीको उपचारको लागि सहयोग गरिदिन बुबाको आग्रह

सिमकोट (हुम्ला), २ चैत । हुम्लाको सिमकोट गाउँपालिका-७ का बल्चित कामीले छोरीको भाँचिएको खुट्टाको उपचार गर्न आर्थिक सहयोग गरिदिन आग्रह गर्नुभएको छ । दुई वर्षअघि उहाँकी ११ वर्षीया छोरी माया विक छतबाट लडेर घाइते भई एउटा खुट्टा भाँचिएको थियो ।

घरपरिवारको आर्थिक अवस्था कमजोर भएकाले उपचार नपाउनुभएकी विकको अहिले भाँचिएको खुट्टा बाङ्गिएको छ भने उमेर बढ्दै जाँदा हिँड्डुलमा समस्या हुँदै आएको बुबाले जानकारी दिनुभयो । तत्कालीन समयमा उपचारका लागि राम्रो अस्पताल लैजान आर्थिक अभावले नसकिएको भन्दै अहिले छोरी हिँड्न नसक्ने र बोल्न पनि नसक्ने भएको बुबाले दुखेसो पोख्नुभयो ।

मायाको दायाँ खुट्टा भाँचिएको थियो । चिकित्सिकले अहिले पनि उपचार सम्भव भएको प्रतिक्रिया दिएकाले उपचारका लागि आर्थिक सहयोगका लागि आह्वान गरिएको बुबा बल्चितले बताउनुभयो ।

स्थानीय डाडाफयाँ स्वास्थ्यचौकीमा कार्यरत स्वास्थ्यकर्मी सन्तोष बोहराले सुविधासम्पन्न हाडजोर्नीसम्बन्धी अस्पतालमा उपचार सम्भव भए पनि आर्थिक अभाव भएकाले बल्चितले छोरीको उपचारका लागि सहयोग आह्वान गर्नुभएको बताउनुभयो ।

स्वास्थ्यकर्मी बोहराले भन्नुभयो, "अहिले पनि मायाको उपचार गर्न सकिन्छ तर खर्च बढी लाग्न सक्छ । विकको खुट्टाको उपचार गर्नका लागि परिवारको आर्थिक अवस्था कमजोर छ ।" विकका घरपरिवारले अपाङ्ग तथा बालबालिकाको क्षेत्रमा काम गर्ने सङ्घसंस्थालाई छोरीको उपचारका लागि आर्थिक सहयोग माग गरिदिन आग्रह गरेको उहाँले बताउनुभयो । ***रासस***

# अख्तियार कार्यालय सुर्खेतमा उजुरीका चाङ

कर्णाली, ३ चैत । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतमा उजुरीको सङ्ख्या दुई हजार ३९ पुगेको छ ।

कर्णाली प्रदेशको १० जिल्लाबाट आएका अघिल्लो वर्षको नौ सय ४४ र चालु आवको एक हजार ९५ गरेर कुल उजुरीको सङ्ख्या दुई हजार ३९ पुगेको आयोगको कार्यालय सुर्खेतका सूचना अधिकारी रत्नचन्द्र गौतमले राससलाई जानकारी दिनुभयो । शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण, खानेपानी, कृषि वनलगायत क्षेत्रमा आर्थिक अनियमितता, भ्रष्टाचार गरेको आरोपमा उजुरी परेको उहाँले बताउनुभयो ।

परेका उजुरीमध्ये पाँच सय ४९ फछ्र्योट भएको र एक हजार चार सय ९० फछ्र्योट हुन बाँकी रहेको उहाँले बताउनुभयो । सूचना अधिकारी गौतमका अनुसार चालु आवमा जिल्लागत हिसाबले सबैभन्दा बढी सुर्खेतबाट दुई सय ३७ र सबैभन्दा कम डोल्पाबाट ५८ उजुरी परेका छन् ।

उहाँका अनुसार चालु आवसहित सुर्खेतको चार सय १५, दैलेखको तीन सय २१, मुगुको दुई सय दुई, कालीकोटको एक सय ९३, जुम्लाको एक सय ७९, हुम्लाको एक सय ७३, रुकुमपश्चिमको एक सय ५९, जाजरकोटको एक सय ४९, सल्यानको एक सय २३ र डोल्पाको एक सय उजुरी सङ्ख्या आयोगमा रहेको छ । लुम्बिनी प्रदेशको पूर्वी रुकुमबाट २५ उजुरी परेको उहाँले बताउनुभयो ।

आयोगले चालु आवको हालसम्म यहाँका ७९ स्थानीय तहको उजुरीको पनि अभिलेखीकरण गरेको छ । स्थानीय तहमा सबैभन्दा बढी मुगुको सोरु गाउँपालिकाबाट ३९ उजुरी परेको आयोगको तथ्याङ्कले देखाउँछ । दोस्रोमा जुम्लाको तातोपानी गाउँपालिकाको ३८ र तेस्रोमा दैलेखको गुराँस गाउपालिकाबाट ३० उजुरी परेको सूचना अधिकारी गौतमले जनाउनुभयो ।

गत र चालु आर्थिक वर्षसहित सोरु गाउँपालिका मुगुका ७९, गुराँस गाउँपालिका दैलेखका ४७, सुर्खेत वीरेन्द्रनगर नगरपालिकाका ४५, सर्केगाड गाउँपालिका हुम्लाका ४५, भेरीगङ्गा नगरपालिका सुर्खेतका ४२, तातोपानी गाउँपालिका जुम्लाका ४१ र खाँडाचक्र नगरपालिका कालीकोटका ३५ उजुरी रहेको जनाइएको छ ।

चालु आवको हालसम्म सबैभन्दा कम हुम्लाको नाम्खा, जाजरकोटको बारेकोट, दैलेखको ठाँटीकाँध, जुम्लाको पातारासी गाउँपालिकाबाट एक/एक, सुर्खेतको चिङ्गाड, रुकुमपश्चिको त्रिवेणी, कालीकोटको सान्नी त्रिवेणी, जाजरकोटको शिवालय, कुसे, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका, डोल्पोबुद्ध, काइके गाउँपालिका, सल्यानको, कुमाख, हुम्लाको खार्पुनाथ, सिमकोट गाउँपालिका र मुगुको छायाँनाथ रारा नगरपालिकाको दुई/दुई उजुरी परेको सूचना अधिकारी गौतमले बताउनुभयो ।

सूचना अधिकारी गौतमका अनुसार सल्यानको त्रिवेणी गाउँपालिकाबाट चालु आर्थिक वर्षमा परेको एक उजुरी फछ्र्योट भएको छ भने कालीकोटको महावै र मुगुको मुगुम कार्मारोङ गाउँपालिकाबाट हालसम्म कुनै उजुरी परेको छैन । स्थानीय तहमा चालु आवमा सात सय ६१ र गत वर्षको सरेको पाँच सय ९८ गरी एक हजार तीन सय ५८ उजुरी परेकोमा हालसम्म तीन सय ७५ फछ्र्योट भइसकेका र नौ सय ८४ फछ्र्योट हुन बाँकी रहेका छन् । ***रासस***

## । सम्पादकीय ।

# कारबाही हुने हो कि उन्मुक्ति दिने ?

शासकहरूले पदको दुरुपयोग गरी अकुत सम्पत्ति कुम्ल्याइरहेको राजनीतिक विश्लेषक र अर्थविद्हरूको भनाइ गलत नभएको कुरा घटनाक्रमले पुष्टि भइरहेको छ । देशको सुशासन, समृद्धिको बखान गर्दै शासक दलका नेता र नेताका सन्तानहरू भ्रष्टाचार, अनियमितता र अवैध कारोबारमा लागेको जानकारी हरेक दिनजसो सञ्चारमाध्यममा आइरहेको छ । 'पूर्वउपराष्ट्रपति पुनका छोरा पक्राउ', 'पूर्वसभामुख महरामाथि कारबाही के हुन्छ ?', 'तस्करीमा माओवादी, कारबाहीमा प्रहरी', पूर्वउपराष्ट्रपतिका सल्लाहकार जीवन गुरुङविरुद्ध मुद्दा दर्ता, छोरा पक्राउ' जस्ता समाचारपत्रमा आएको खबरले पनि शासकहरू पदको दुरुपयोग गरी अकुत सम्पत्ति कुम्ल्याइरहेको स्पष्ट हुन्छ । पूर्वन्यायाधीश डिल्लीराज आचार्यको अध्यक्षतामा गठित सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगले सरकारलाई बुझाएको प्रतिवेदनमा माओवादी केन्द्रका नेता र उनीहरूका छोराहरूको संरक्षणमा सुन तस्करी भएको निष्कर्ष निकालेको छ । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा शुक्रबार बसेको बैठकले दोषीमाथि कारबाहीको प्रक्रिया अघि बढाउने निर्णय गऱ्यो । उक्त निर्णयअनुसार कारबाहीको प्रक्रिया अघि बढ्छ या अनेक बहाना बनाएर उन्मुक्तितर्फ लाग्छ, त्यो हेर्न बाँकी छ ।

सुन तस्करीमा जोडिएका माओवादी केन्द्रका नेताहरूलाई उन्मुक्ति दिएर प्रहरीमाथि कारबाही हुने हो कि भन्ने शङ्का गरिएको छ । गृहमन्त्री लामिछानेको जोडबलमा सहकारी ठगीमा अनुसन्धान गरिरहेका प्रहरी अधिकारीको सरुवा गरिएको खबर प्रकाशमा आएको छ । गृहमन्त्री लामिछानेका व्यापारिक साझेदार एवम् सूर्यदर्शन सहकारीका तत्कालीन अध्यक्ष जीवी राईमाथि अनुसन्धान गरिरहेको सीआइबी प्रमुख एआइजी किरण बज्राचार्यसहितको टीमलाई हटाइएको कुरा सञ्चारमाध्यममा आएको छ । यो कुरा सत्य हो भने प्रश्न उठाउनैपर्ने हुन्छ, सरकारमा रहेका दलका नेताहरू इमानपूर्वक देश र जनताको सेवा गर्न होइन आ-आफ्नो अनियमितता छोप्न, सम्पत्तिमा रजाइँ गर्नेहरूको हौसला बढाउन मन्त्री भएका हुन् । अनेक प्रकरणको मुद्दामा परेका व्यक्तिहरूलाई एकातिर सरकारले कारबाहीको प्रक्रिया अघि बढाएको देखाउने अर्कोतिर उन्मुक्ति दिने काममा लागेर नाटक मञ्चन गरिरहेको अनुभव पनि देशभक्त जनताले गर्न थालेका छन् । पूर्वराष्ट्रपति पुनका सल्लाहकार जीवन गुरुङविरुद्धको मुद्दा त्यस्तै नाटक मञ्चन मात्र हो कि भनी शङ्का गरिएको छ ।

यसरी देशमा राज गर्ने भनी सरकारको नेतृत्वमा पुगेका शासक दल नेका, एमाले, माओवादी केन्द्रका नेताहरू अनियमितताको जालोमा फसेका छन् । देश र जनताको सेवा गर्ने वाचा खाएका सत्तासीन दलका नेताहरू देशको राजस्वमा रजाइँ गर्दै छन्; अवैध कारोबार गरेर अकुत सम्पत्ति कमाउँदै छन् । त्यस्ता नेताहरूले देश र जनताको पक्षमा कस्तो राजनीति गर्लान् ? देशमा कसरी सुशासन कायम होला ? आफ्नो अपराधबाट मुक्त हुन मन्त्री हुने, काण्डमा परेका दोषीहरूलाई छोड्ने कार्य के प्रजातन्त्र हो ?के त्यो सुशासनको परिचय हो ? के यसले देशको भविष्य बन्छ ? देशलाई समृद्ध र जनतालाई सुखी बनाउने भनी सरकारमा जाने नेताहरूको यो कस्तो ताल !

देशको स्रोत र साधन अरू देशको हातमा सुम्पिने, अवैध कारोबार गरेर सम्पत्ति कमाउने, अपराधी, भ्रष्टाचारी र कमिसनखोरहरूलाई छोड्ने कार्य देशविरोधी कदम हो; जनताविरोधी कदम हो; यो देशलाई डुबाउने चाल हो । यस्ता दलका नेताहरूविरुद्ध जनता जाग्नुपर्छ, उठ्नुपर्छ; उनीहरूको कालो कर्तुतबारे जनतामाझ सुसूचित पार्नुपर्छ । अत: देशका सच्चा देशभक्त, देश र जनताप्रति समर्पित दल र दलका नेता, नागरिक समाजले गलत कार्यको विरोध गरिरहनुपर्छ; सरकारलाई खबरदारी गरिरहनुपर्छ । त्यसविरुद्ध सङघर्ष गरिएन भने देश खोक्रो बन्नेछ, देशमा ठूलो सङ्कट आउनेछ र जनता हाहाकार हुनेछन् । यसकारण, अहिलेको आवश्यकता र माग देश जोगाउने र देश बनाउने हो ।

# यस पटक, पुटिनको आणविक चेतावनी असामान्य छ

✍ हु सिजिन

गएको बिहीबार रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आणविक हतियारको विषयलाई टेबुलमा राखेका थिए । उनले युक्रेनमा लड्न सेना पठाएमा पश्चिमी देशहरूले आणविक युद्ध भड्काउने खतरा रहेको चेतावनी दिए । "पश्चिमी राष्ट्रहरूले बुझ्नुपर्छ कि हामीसँग पनि हतियारहरू छन् जसले तिनीहरूको भूमिमा लक्ष्यहरू प्रहार गर्नसक्छ । यी सबैले आणविक हतियारको प्रयोग र सभ्यताको विनाशसँगको द्वन्द्वलाई साँच्चिकै धम्की दिन्छ," पुटिनले भने । पश्चिमा राजनीतिज्ञहरूले नाजी जर्मनीका एडोल्फ हिटलर र फ्रान्सका नेपोलियन बोनापार्टको नियति सम्झनुपर्छ भन्ने पनि पुटिनले सुझाव दिए ।

पुटिनले यसअघि धेरैपटक आणविक हतियार प्रयोग गर्ने सम्भावनालाई उल्लेख गरेका छन् वा सङ्केत गरेका छन्, तर यस पटकको जस्तो प्रत्यक्ष र कठोररूपमा कहिल्यै भनेका थिएनन् । उनको मनसाय स्पष्टरूपमा सम्पूर्ण पश्चिमलाई चेतावनी पठाउने हो । युक्रेनमा सेना पठाउन अस्वीकार नगर्नेबारे फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँको अघिल्लो कथनले सनसनी पैदा गरेको थियो र अन्य प्रमुख पश्चिमी देशका नेताहरूले तुरुन्तै भने कि उनीहरू यस्तो कदमलाई समर्थन गर्दैनन् । यद्यपि, म्याक्रोँको टिप्पणीले पश्चिम र रूसबिचको बढ्दो तनावको रेखा पार गरिसकेको छ, जसलाई मस्कोले हल्कारूपमा लिएको छैन । तसर्थ, पुटिनले सिधै आणविक हतियारहरू टेबलमा राखेर ठूलो कदम चालेका छन्, यदि पश्चिमले सेना पठाउने साहस गरेमा उसले आणविक हतियार प्रयोग गर्ने आँट गर्नेछ ।

अवश्य पनि, पुटिनले धम्की मात्र दिइरहेका थिए तर आणविक धम्की जारी गर्नु अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर विषय हो । सबै देशहरूले आणविक आक्रमणबाट पूर्ण सुरक्षा सुनिश्चित गर्न आवश्यक छ । आणविक हतियारहरू प्रयोग गर्ने धम्कीदेखि तिनीहरूको



प्रयोगको लागि रणनीतिक तयारी र अन्तत: आणविक आक्रमण सुरु गर्ने यस लामो अनुक्रममा प्रत्येक चरण मामुली कुरा होइन । म्याक्रोँको टिप्पणीले पुटिनलाई कत्तिको आक्रोशित बनाएको छ भन्ने स्पष्ट छ ।

युक्रेनमा द्वन्द्वले पहिले नै एउटा ढाँचा बनाएको छ: अमेरिका र पश्चिमले युक्रेनलाई सैन्य सहायता प्रदान गर्दछ तर रुसको माटोमा आक्रमण गर्दैन । स्पष्ट छ कि रूसको बदलामा केवल परम्परागत हतियारहरू प्रयोग गरेर नाटो सेनाहरू प्रत्यक्षरूपमा लडाइँमा संलग्न हुँदैनन् । हाल स्थिति लगभग सन्तुलित छ, रुसले थोरै फाइदा पाएको छ । युक्रेनमा पश्चिमी हतियार आपूर्तिको तीव्रता घट्दै गएको देखिन्छ र युक्रेनको सानो जनसङ्ख्या र सीमित सैन्य स्रोतहरूको साथ रूसले बिस्तारै आफ्नो फाइदा विस्तार गर्न सक्छ ।

यदि पश्चिमी सेनाहरू प्रत्यक्षरूपमा लडाइँमा संलग्न भए, युक्रेनको अवस्था फेरिनेछ । अत्याधुनिक हतियारसहित नाटो देशका सेनाको सहभागिताले रुसी अग्रपङ्क्तिमा ठूलो प्रभाव पार्नेछ र पुटिनले असफल हुने जोखिमको सामना गर्नुपर्नेछ । तसर्थ, पुटिनले म्याक्रोँले छलफल गरेअनुसार पश्चिमी देशहरूले सेना पठाउने सम्भावनालाई कहिल्यै स्वीकार गर्दैनन् । आणविक हतियारको मुद्दा उठाएर, पुटिनको लक्ष्य भनेको म्याक्रोँ र नाटो देशका नेताहरूलाई त्यस दिशामा अघि बढ्न जारी राख्नबाट रोक्नु हो ।

पुटिनको 'आक्रोश' ले केही प्रभाव पारेको देखिन्छ । अमेरिकी विदेश विभागका प्रवक्ताले पुटिनको टिप्पणीलाई 'गैरजिम्मेवार' भनी आलोचना गरे । तर, पश्चिमा तर्फबाट थप उक्साहट भएको छैन । म्याक्रोँले तुरुन्तै पुटिनलाई कडा प्रतिक्रिया दिएनन्, केवल रुस-युक्रेन द्वन्द्वमा उनको टिप्पणीलाई सावधानीपूर्वक सोचिएको थियो । यो सम्भव छैन कि पश्चिमी नेताहरूले पुटिनको चेतावनीलाई आक्रामकरूपमा प्रतिक्रिया दिनेछन्, किनकि तिनीहरू स्थितिलाई अझ बढाउन चाहँदैनन् ।

प्रश्न रहन्छ, के पुटिनले वास्तवमा आणविक हतियार प्रयोग गर्ने साहस गर्नेछन् ? यो गम्भीर प्रश्न हो । सामान्यतया, जबसम्म रूसले परम्परागत माध्यमबाट युक्रेनमा आफ्नो लक्ष्य हासिल गर्न सक्छ वा राजनीतिक गरिमा कायम गर्नसक्छ, पुटिनले आणविक हतियार प्रयोग गर्दैनन् भन्ने विश्वास गर्छन् । तर, यदि रुसले युक्रेनमा हार बेहोरेको छ र त्यसले पहिले नै कब्जा गरिसकेका चार पूर्वी क्षेत्रहरू पुन: कब्जा हुने जोखिममा छन् र पुटिन सरकार घरेलुरूपमा कमजोर भएमा आणविक हतियार प्रयोग गर्ने प्रश्न थप खुला हुनसक्छ ।

पश्चिमी देशहरूले पुटिनलाई असफल हुन र पद त्याग गर्न बाध्य पार्ने जुवा खेल्ने हिम्मत गर्दैनन् र उनले आणविक हतियारको आधारभूत लाभलाई त्याग्न र पश्चिमले व्यवस्था गरेको भाग्यलाई स्वीकार गर्ने आशा गर्दैनन् । तसर्थ, संयमको वकालत गर्दै पश्चिममा सधैँ आवाज उठेको छ । अर्कोतर्फ, आणविक हतियारको प्रयोग एक आधारभूत जोखिम हुनेछ, ठूलो अनिश्चितता सिर्जना गर्नेछ ।

पुटिनका लागि हतियार प्रयोग गर्नुको सट्टा मुख्य मुद्दाहरूमा पश्चिमलाई सम्झौता गर्न वा संयम देखाउन बाध्य पार्दै आणविक प्रतिरोध कायम गर्नु राम्रो हुन्छ । एक पटक आणविक हतियारहरू प्रयोग गरिसकेपछि स्थिति बढ्नेछ र क्रेमलिनले अब के हुन्छ भन्नेमा नियन्त्रण गुमाउने सम्भावना छ ।

*(लेखक चिनियाँ वरिष्ठ सञ्चारकर्मी हुन् ।)*

***- ग्लोबल टाइम्सबाट***
***अनुवाद : प्रकाश***

# अवसरवादी शासक दलहरू !

✍ **सिम्रिक**

केही दिनअगाडि माओवादी नेता पुष्पकमल दाहाल (प्रचण्ड) ले काङ्ग्रेसलाई विश्वासघात गरेर एमालेका अध्यक्ष केपी ओलीसँग घाँटी जोडी गठबन्धनको सरकार बनाए । त्यो प्रचण्डको विश्वासघाती, अवसरवादी कदमको विरोधमा नेपाली काङ्ग्रेसका नेता रमेश लेखकले संसदको रोस्ट्रमबाट नेपाली काङ्ग्रेसलाई पटकपटक विश्वासघात गरेर धोका दिएको आरोप लगाए । उनले त्यसको परिणाम भविष्यमा भोग्नुपर्ने चेतावनी दिए । हिजो ओलीले पनि त्यस्तै प्रचण्डलाई विश्वासघाती तथा अवसरवादी भनेर आरोप गरेको त्यतिबेलाको सञ्चारमाध्यम हेरेको खण्डमा थाहा हुन्छ । तर, प्रचण्डलाई विश्वासघाती र अवसरवादी बनाउने उनीहरू नै थिए । सत्ता, पद र सुविधाको लागि लाजै नमानिकन उनीहरूले जे पनि गर्न थाले । उनीहरूले देश र जनतालाई बिर्से, धोका दिए । सत्ता र पदको लोभमा सत्ता साझेदार दललाई विश्वासघात र धोका दिएर बचाउको लागि सहयोग माग्न प्रचण्ड, माकुनेहरूलाई बुढानीलकण्ठ र बालकोटमा रातो कार्पेट बिछ्याएर स्वागत गर्ने उनीहरू नै हुन् ।

प्रजातन्त्रको मूल्यमान्यता, मर्म र भावनाअनुसार सत्ता र पदको लोभ नगरिकन राजनीति गरिएको भए अस्थिर सरकार हुने थिएन । यो सबै उनीहरूको बुद्धि, विचार, सिद्धान्त, निष्ठा, आचरणअनुसार स्वाधीन भएर अगाडि बढेको भए यस्तो स्थिति आउने थिएन । नेपालको छवि र प्रतिष्ठालाई विश्वमा ओझेलमा पार्न र नेपालमा सधैँ अस्थिरता कायम गरी फाइदा उठाउँदै आएको दिल्लीले लुम्बिनीमा हुन लागेको नोबेल पुरस्कारप्राप्त, पूर्वराष्ट्रपति, सरकार प्रमुखलगायत करिब सय डेढ सय अन्तर्राष्ट्रिय विशिष्ट व्यक्तित्वहरू सहभागी हुने अन्तर्राष्ट्रिय सम्मेलन स्थगित गराई दिल्लीतिर गर्नुले परिणामत: यसमा दक्षिणको हात रहेको पुष्टि भएको विश्लेषकहरू बताउँछन् ।

अवसरवाद भनेको सानोतिनो स्वार्थ र लोभमा लागेर विचार तथा सिद्धान्त वा प्रमुख उद्देश्यलाई त्याग्नु हो । सच्चा कम्युनिस्टहरूले आफ्नो विचार तथा सिद्धान्त, प्रमुख स्वार्थ छोड्दैनन् । विचार तथा सिद्धान्त भनेको कम्युनिस्ट पार्टी तथा दलको प्राण हो, ज्यान हो । यसलाई छोडेपछि त्यो सच्चा कम्युनिस्ट पार्टी हुँदैन । कम्युनिस्ट विचार तथा सिद्धान्तअनुसार आचरण र व्यवहार भएन भने त्यो कम्युनिस्ट हुनसक्दैन । उनीहरू देश र जनताको हितको लागि क्रान्ति या आमूल परिवर्तन गर्न होइन पुँजीवादी बाटोमा लागे । व्यक्ति, पार्टी र दलले विचार तथा सिद्धान्त त्याग्नु भनेको हिमालमा चिप्लेटी खेल्नुसरह हो ।

हरेक पार्टी एउटा न एउटा विचार, सिद्धान्त तथा वर्गको आधारमा स्थापना गरिएको हुन्छ । त्यो विचार र सिद्धान्त पूरा गर्न दीर्घकालीन र अल्पकालीन योजनाका साथ निरन्तर अगाडि बढिरहेको हुन्छ । तर, वर्तमान शासक दल तथा शासकहरूमा त्यस्तो गुण, व्यवहार, आचरण देखिएन । ती शासक दलहरू साँच्चिकै कम्युनिस्ट भएका भए उत्पादनका साधनहरू सामाजिकीकरण गरिसक्थे या राष्ट्रियकरण गरिसक्थे । वास्तविक खेत जोतिआएका जोताहा किसानहरूको जोत कायम गरेर मोहियानी हक दिलाइसक्थे । तर, तिनीहरू गाउँठाउँका जमिनदार थिए । शिक्षा, स्वास्थ्य, रोजगारी राज्यको दायित्व भएकोले त्यसअनुसार सबै जनताले नि:शुल्क गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारी सहजरूपमा पाउनुपर्ने हो । तर, त्यसो हुन सकिरहेको छैन । नि:शुल्क गुणस्तरीय शिक्षा सर्वसाधारण जनताले पाउन सकेका छैनन् । ७०/८० लाख युवाहरूलाई रोजगारीको नाममा घर खेत बेचेर, बन्धकी राखेर विदेश जान शासकहरूले बाध्य पारे । त्यस्तै, देशको सुनौलो भविष्य विद्यार्थीहरूलाई पढ्ने नाममा विदेश जान बाध्य पारे । उनीहरूले ३०-४० वर्ष सत्ताको स्वाद चाखिरहे; त्यही स्वादमा देश र जनतालाई बिर्सेर सत्तामा टाँसिरहे । त्यसैको परिणाम देश र जनताको आजको दयनीय अवस्था हो ।

आजका यी शासक दलहरूले हिजो हामी प्रजातन्त्रप्रति पूर्ण प्रतिबद्ध छौँ भनेर कसम खाएको होइन र ? उनीहरूले नै वर्तमान गणतान्त्रिक संविधान बहुमतले पास गरेका हुन् । उनीहरू सबै यो संविधानको मर्म र भावनाअनुसार अगाडि बढेका भए देशको अवस्था यस्तो डाँवाडोल हुने थिएन । उनीहरू घातप्रति घात वा अवसरवादी हुने थिएन । उनीहरूले राजनीतिलाई लाजनीति गर्ने थिएन; राजनीतिलाई फोहर नीति बनाउने थिएन । उनीहरूमा न विचार र सिद्धान्तअनुसारको निष्ठा छ न नैतिकता बाँकी छ न त कर्तव्य र जिम्मेवारीबोध नै बाँकी छ । उनीहरू कुनै न कुनै भ्रष्टाचार र लुटजस्ता काण्ड तथा अपराधमा संलग्न भएको सञ्चारमाध्यममा आइरहेकै छन् । उनीहरू कुनै न कुनै देशघाती काममा लागेकै छन् । विदेशीको नुन खाँदा उनीहरूको प्रभाव र दबाबले उनीहरू आत्मसमर्पण गर्न, लम्पसार पर्न बाध्य भएको परिणामले देखाइरहेका छन् । चाहे देशघाती वा एसियाघाती एमसीसीमा हुन्, चाहे महाकाली, टनकपुर, कोसी, गण्डक, कर्णालीको सम्झौतामा हुन् । चाहे देशघाती नागरिकता विधेयकमा हुन् चाहे लिम्पियाधुरालगायत ७०-८० ठाउँमा नेपाली भूमि मित्र देश भारतले भनिएको अतिक्रमण गर्दा होस् ।

यी शासकहरू प्रजातन्त्रप्रति साँच्चिकै प्रतिबद्ध भएका भए प्रजातन्त्रको पार्टीको विचार सिद्धान्तअनुसार लक्ष्य प्राप्त गर्न आवश्यक नीति, ऐन कानुन, नियम बनाएर देश र जनताको हितमा सरकार चलाएको हुन्छ । दोस्रो ठूलो दल प्रतिपक्षले छाया सरकार बनाएर सरकारको सबै कदमको निगरानी गर्दछ । बदमासी गर्नासाथ देश र जनतालाई घात र नोक्सान हुने काम गर्नासाथ सदन र सडकबाट तुरुन्त खबरदारी गर्दछ । जनताका बिचमा उडाङ्ग्याउने काम गर्दछ । कुनै पद र सुविधाको मोलमोलाइ गर्दैन । देश र जनताको हितको लागि चटानझैँ अडानमा बस्छ । तर, आजसम्मका प्रतिपक्षमा बसेका भनिएका कुनै दल र नेताले त्यसो गर्न सकिरहेको अवस्था छैन । ती सबैले सरकार, शासक दललाई देश र जनताको हितमा काम गर्न घुँडा टेकाउन सकेनन् । तिनीहरूले पद र सुविधाको मात्र मोलमोलाइ गरिरहे । उनीहरू पद र सुविधामा मात्र डुबिरहे, टाँसिरहे । यदि त्यसो नहुँदो हो त उनीहरू सत्ता पक्षले घात गर्नासाथ खबरदारी र विरोध गर्थे । त्यसले पनि भएन भने जनतासामु आएर सदन र सडकबाट राजीनामा माग्थे । जनताको साथ र सहयोगमा सशक्त आन्दोलनको आँधीबेहरी ल्याएर राजीनामा गर्न बाध्य पार्थे । पद र सुविधाको मोलमोलाइ वा लोभमा डुब्ने थिएन । आजसम्ममा जनताले त्यसो बाध्य पारेको हेर्न, देख्न, अनुभव गर्न पाएका छैनन् ।

सत्तामा आउने शासक दलहरू पनि उही ड्याङका मुला हुन् । उनीहरूले प्रजातन्त्रको मूल्य र मान्यताअनुसार, प्रजातान्त्रिक तौरतरिकाअनुसार सरकार चलाएको देखिएन । प्रजातन्त्र शासक धनी, पैसावाल वर्गलाई आए पनि बहुसङ्ख्यक गरिब, अशिक्षित जनतासमक्ष पुगेन । उनीहरूले न त शिक्षा, स्वास्थ्य नि:शुल्क र सहजरूपमा पाए न त रोजगारी नै पाए । उनीहरूले भोक र रोग पाए । उपचार नपाएर मर्न बाध्य भए ।

सच्चा प्रजातन्त्रमा देश र जनतालाई घात गरेर अवसर कसैले खोज्दैन । कोही अवसरवादी हुँदैन । प्रजातन्त्रमा जनताको भावना र मर्मअनुसार नैतिक मूल्य र मान्यता मुख्य हुन्छ । निष्ठा, पारदर्शिता, कर्तव्य, जिम्मेवारी प्रजातन्त्रको गहना हुन्छ । देश र जनता जहिले पनि केन्द्रबिन्दुमा हुन्छ । आफूले जनता, देशसमक्ष गरेको वाचा, प्रतिबद्धताअनुसार परिणाममुखी काम गर्न सकेन भने, देश र जनतालाई आफ्नो, निर्णय कामबाट नोक्सान, घात भयो भने त्यसको जिम्मेवारी लिनुपर्छ । यहाँ माओवादी केन्द्रका नेता पुष्पकमल दाहाल (प्रचण्ड) ले ठूला भनिएको नेपाली काङ्ग्रेस र एमालेले जनतामाथि पालैपालो गरेर शासन गरिरहेका छन् । बाहिर कुकुर झगडाजस्तै घात गर्छन् तर भित्र भित्र काम र परिणामले उनीहरू सहमति गर्छन् ।

त्यसैले सबै दल प्रजातन्त्रको मूल्य र मान्यताअनुसार परिणाममुखी हुने गरी लागेको खण्डमा पद र सुविधाको सिद्धान्त, विचार, व्यवहार छोडेर अवसरवादी नहुने हो भने देश र जनताको नि:स्वार्थ सेवामा लागेको खण्डमा देश र जनताको विकास चाँडै हुने कुरामा दुईमत नहोला ।

## सन्दर्भ : विश्व उपभोक्ता अधिकार दिवस

# उपभोक्ता अधिकारप्रतिको जवाफदेहिता

नेत्र सुवेदी 'प्रयास'

काठमाडौँ । सन् १९६२ मार्च १५ का दिन अमेरिकी कङ्ग्रेसमा सम्बोधन गर्दै तत्कालीन राष्ट्रपति जोन एफ केनेडीले भनेका थिए, "उपभोक्तामा हामी सबै पर्दछौँ । उपभोक्ता आफैँमा त्यस्तो सबैभन्दा ठुलो आर्थिक समूह हो, जसले सार्वजनिक र निजीस्तरको आर्थिक निर्णयहरूमा प्रभाव पार्दछ र आफू पनि प्रभावमा पर्ने हुन्छ । यति हुँदाहुँदै पनि तिनीहरू नै यस्तो महत्त्वपूर्ण समूहमा पर्दछन्, जसको धारणा र विचार त्यति सुनिँदैन ।" यसरी उपभोक्ता अधिकार स्पष्ट दृष्टिकोणसहितको विशेष सन्देश केनेडीले आफ्नो मन्तव्यमार्फत दिएका थिए । यही विशेष क्षणको सम्झनामा हरेक वर्ष मार्च १५ का दिन विश्व उपभोक्ता अधिकार दिवस मनाइँदै आएको छ । विश्व उपभोक्ता अधिकार दिवस २०२४ को नारा 'उपभोक्ताका लागि स्वच्छ र जिम्मेवार एआई' रहेको छ ।

नेपाल सरकारले विश्व उपभोक्ता दिवस, २०८० को नाराको रूपमा 'स्वच्छ र प्रतिस्पर्धी बजार, उपभोक्ताको सार्वभौम अधिकार' तय गरी विभिन्न कार्यक्रम गरी मनाइरहेको छ । उपभोक्ता दिवसकै पूर्वसन्ध्यामा भएका विभिन्न संवाद कार्यक्रममा उपभोक्ता अधिकारकर्मीले उपभोक्ता संरक्षण ऐनमा गरेको व्यवस्थाअनुसार उपभोक्ता अदालत गठन गरिनुपर्ने विषय पनि उठाएका छन् । उपभोक्ता संरक्षण ऐन, २०७५ मा व्यवस्था हुँदाहुँदै पनि अदालत हालसम्म गठन हुन सकेको छैन ।

संयुक्त राष्ट्रसङ्घीय महासभाबाट सन् १९८५ मा उपभोक्ताको संरक्षणका लागि राष्ट्रसङ्घीय निर्देशिका पारित भई लागु भयो, यसलाई सन् २०१५ मा परिमार्जन गरी लागु गरिएको छ । यो निर्देशिकामा उपभोक्ताका अधिकार झल्कने गरी उपभोक्तालाई उपलब्ध हुनुपर्ने विषयहरू समेटिएका छन् । निर्देशिकाले उपभोक्ता अधिकारलाई थप वैधता प्रदान गरेको छ । परिमार्जित निर्देशिका जारी गराउनमा कन्जुमर इन्टरनेसनल नामक संस्थाको पनि भूमिका रहेको छ । यो संस्था सन् १९९० मा स्थापित र बेलायतको लण्डनमा प्रधान कार्यालय रही १२० वटा देशसहित २५० वटा सदस्य रहेको अन्तर्राष्ट्रिय संस्था हो । यस संस्थाको मिसनको रूपमा 'सबै उपभोक्ताका लागि निष्पक्ष, सुरक्षित र दिगो बजार' रहेको छ । नेपालका दुई संस्था सेवा नेपाल र उपभोक्ता आँखा नेपाल कन्जुमर इन्टरनेसनलको सदस्य रही आएका छन् ।

कन्जुमर इन्टरनेसनलले अघि सारेका उपभोक्ताका अधिकारलाई सरसरति नियाल्दा आधारभूत आवश्यकतामा सन्तुष्टिको अधिकार जसमा अति आवश्यक वस्तु र सेवाजस्तो पर्याप्त खाना, कपडा, बासस्थान, स्वास्थ्य सुविधा, शिक्षा, सार्वजनिकरूपमा सबैलाई आवश्यक सुविधा, पानी र सरसफाइ पर्दछ भने सुरक्षाको अधिकारमा हाम्रो जीउज्यान र स्वास्थ्यमा हानि गर्ने उत्पादन र उत्पादन प्रक्रियाबाट संरक्षित हुने अधिकार पर्दछ । त्यस्तै, सूचना प्राप्त गर्ने अधिकार जसमा कुनै विषयमा निर्णय गर्दा प्रयोगमा आउने सूचना पर्दछ र भ्रामक र गलत विज्ञापन वा आवरण सूचनाबाट संरक्षणको परिकल्पना गरिएको छ भने छनोटको अधिकार जसमा उपलब्ध भएका धेरै वस्तु र सेवामध्येबाट प्रतिस्पर्धात्मक तवरले राखिएका मूल्यबाट गुणस्तरीय वस्तु वा सेवा चयन गर्ने सुविधा प्राप्त हुन्छ । अधिकारबाट वञ्चित हुने अवस्थामा उपचारको प्रबन्ध सुनुवाइको अधिकारमा समेटिएको छ । यसअन्तर्गत सरकारी नीति तथा कानुनको तर्जुमा प्रक्रिया तथा कुनै पनि वस्तु तथा सेवा बजारमा ल्याउनु अघि उपभोक्ताका सरोकारका विषयहरूको पनि सुनुवाइ हुनुपर्दछ अर्थात् कुरा राख्ने अवसर मिल्नुपर्दछ भन्ने विषय मूलरूपमा समेटिएको छ । त्यस्तै, समस्या सम्बोधनको अधिकारमा उपभोक्ताबाट उठेका उचित दाबी जस्तो कि क्षतिपूर्ति पाउनुपर्ने वा प्रतिनिधित्व हुनुपर्ने हुन्छ भने उपभोक्ता शिक्षाको अधिकारमा वस्तु र सेवाको सही र परिपक्व खालको चयन गर्न सक्ने शिक्षा र सीप पाउने अवस्थाको सिर्जना गरिनुपर्दछ । स्वस्थ वातावरणको अधिकारले वर्तमान र भावी पुस्ताका लागि समेत बसोबास गर्ने र काम गर्ने उपयुक्त वातावरणको सिर्जना हुनुपर्ने माग गर्दछ ।

**चिन्तन गर्ने मेसिन**

चिन्तन गर्नु नै मानिसको कहिल्यै नमर्ने आत्माको आधार हो भनिन्छ । दुई किसिमका चिन्तन र विचार हुने बताइएको छ । पहिलो भनेको वास्तविक चिन्तन हो जुन दिमागबाट नै हुने गर्दछ । दोस्रो भनेको नक्कल गरेर हुने चिन्तन हो जसलाई सिमुलेसन चिन्तन भन्न सकिन्छ र यो चिन्तन कम्प्युटर वा मेसिनको माध्यमबाट हुन्छ । अब प्रश्न उठ्न सक्छ कि मेसिनको मूर्खता कसले समाधान गर्ने ? सूचनाको अनावश्यक बाढीको लागि को जिम्मेवार ? त्यस्तै एआईमा पहुँच हुने र यो सम्बन्धमा अनभिज्ञ र यसको पहुँच नभएकाहरूको छुट्टै वर्ग स्थापित गरिँदै छ भन्नेजस्ता वहसहरू प्रारम्भ भएका छन् ।

**एआई र उपभोक्ता**

नेपालमा पनि आर्टिफिसियल इन्टेलिजेन्स (एआई) अर्थात् कृत्रिम बौद्धिकताको सदुपयोग सम्बन्धमा नीति, खाका र रणनीतिहरू तयार गर्ने बहस प्रारम्भ भएको छ । बजारमा प्रयोगमा रहेका विभिन्न प्रविधिमध्ये खासगरी विश्व बजारबाट नेपालमा भित्रिने र स्मार्ट फोन वा इन्टरनेटका माध्यमबाट हामी पनि प्रयोग गरिरहेको विषय भनेको च्याटजिपिटीलगायतका एआई टुल पनि हो । त्यस्तै, समकालीन विश्व परिवेशमा सामाजिक सञ्जालले पनि प्रभावमा राखेको छ, जसमा एलगोरिदममार्फत प्रयोगकर्ताको रुचिअनुसारका सामग्री प्रवाह भइरहेका छन् । एलगोरिदमको प्रयोगबाट रुचिउपर प्रभाव पार्ने विज्ञापन गर्ने काम भइरहेको छ । जस्तो कि उपभोक्ताले मोटरबाइक सर्च गरेको अवस्थामा सबै उपलब्ध विकल्पहरू नदिएर अलि महँगो र देख्दैखेरी लोभ्याउने खालको बाइकको भिडियो वा फोटोसहितको विज्ञापन पटकपटक आउँछ ताकि एआईको प्रयोगकर्तालाई खरिदका लागि दबाब होस् । यसबाट धन नभएका तर मन भएकालाई तनाव पनि सिर्जना गर्दछ । त्यस्तै, कतिपय चित्र वा भिडियो सर्च गर्ने प्रवृत्ति बढ्दै गई एडिक्सन पनि हुनसक्छ ।

पूर्वाधार विकासको दृष्टिले सुगम र दुर्गम, तिर्न सक्ने क्षमताका दृष्टिले धनी र गरिबका बिच सूचना प्रविधि तथा एआई औजार प्रयोगमा रहेको अन्तरले सिर्जना गरेको देश र त्यो देशका जनताबिचको भेदलाई डिजिटल डिभाइडसमेत भनिने र यो अन्तरलाई कम गर्नु पनि चुनौतीपूर्ण रहेको छ । त्यस्तै इन्टरनेटको पहुँचमा रहेका सबैलाई नि:शुल्क उपलब्ध केही एआईजन्य एप बाहेक धेरै औजारहरू लागतको दृष्टिले महँगा छन् । यतिमात्र होइन, जेनरल पर्पोज एआइ टुल अङ्ग्रेजी भाषा मात्र उपलब्ध हुनुका साथै उत्तर अमेरिकाको संस्कृति र भाषाप्रतिको झुकाव देखिन्छ । प्रयोग बढ्दै जाँदा समस्या देखिनु र समाधानका उपायको खोजी हुनु स्वाभाविक छ तर यो प्रक्रियामा उपभोक्ताकै पनि कति हानि नोक्सानी हुने गर्दछ । यसको चासो र सरोकार कसले लिने ?

एआईको बढ्दो प्रयोगले बौद्धिक सम्पत्ति असुरक्षित भएको र प्रतिलिपि अधिकारको उल्लङ्घन बढेको गुनासो व्याप्त हुन थालेको छ । हालसालै द न्युयोर्क टाइम्सले च्याटजीपीटीको कम्पनी ओपेनएआई र माइक्रोसफ्टले पत्रिकाका लाखौँ लेख प्रयोग गरेको आरोप लगाएको छ भने जोन ग्रिसम, जोनाथन फ्रेन्जेनसहित केही अमेरिकी उपन्यासकारको समूहले ओपेनएआईमाथि आफ्नो सामग्रीको दुरूपयोग भएको भन्दै उजुरी दिने घोषणा गरेका छन् । गेट्टी इमेज नामक फोटो एजेन्सीले आफ्ना तस्बिरको विश्लेषण गरेकामा एआई कम्पनी स्टेबिलिटी एआईविरुद्ध मुद्दा हाल्ने भएको छ । यी विभिन्न मुद्दामाथिको पहिलो फैसला यही वर्ष आउन सक्ने बताइएको छ । यसले प्रतिलिपि अधिकारको वर्तमान नियम कानुनमा र एआईको प्रयोगमा के कस्तो सुधार आवश्यक छ भन्ने पनि व्याख्या हुनेछ । अर्कोतर्फ एआईको प्रयोग सम्बन्धमा यससम्बन्धी विश्वमै पहिलो कानुन युरोपेली युनियनले बनाउँदै छ । एल्गोरिदमका विशेषतामध्ये भाषा स्वतन्त्रता पनि पर्दछ । तर के देशको संस्कृति एवं कानुनअनुसार वर्तमान कम्पनीहरूले एल्गोरिदम प्रयोग गरेका छन् त ? यो प्रश्नको जवाफ खोज्न र जिम्मेवार बनाउन आवश्यक छ ।

विभिन्न सनसनीयुक्त अभिव्यक्तिहरू बाहिर आउने तर वास्तविकता बिस्तारै मात्र आउने सन्दर्भमा यी सन्देशहरूको प्रवाहसमेत आधिकारिकरूपमा हुनु आवश्यक छ । जस्तो अबको १० वर्षमा धेरै चिजहरू हाम्रो ग्याजेटमा अटाउनेछन् र अहिलेका पेशा व्यवसाय एवं शिक्षा पद्धति पनि यदि समयमै सोचेर प्रविधिमैत्री सुधार गरिएन भने १० वर्षभित्र अर्थहीन हुनेछ भनिएको छ । सामाजिक सञ्जाल, मेसिन लर्निङसहितको एआईको व्यापक प्रयोगबाट गोपनीयता स्वायत्तता र समुन्नतिका सबै आयामहरू प्रभावित हुने देखिन्छ । यतिमात्र होइन, विभिन्न कम्पनीले प्रयोगमा ल्याएको अल्गोरिदम सम्बन्धमा टकराव पनि हुनसक्छ । जसको प्रभाव विश्व बजार र उपभोक्तासमेत पर्ने देखिन्छ ।

अर्कोतर्फ एआईको उपयोग गरेर उपभोक्ताको सर्भेक्षण गर्नुको साथै व्यक्तिगत तहको प्रोफाइल तयारी र उपयोग हुनसक्ने देखिन्छ । एआई सम्बन्धमा विभिन्न ब्लक र देशहरूले आआफ्नो नियमन परिपाटी प्रयोग त गर्लान् तर कानुन बनाएर संशोधन गरेरमात्र देखा परेको असन्तुलनको समाधान हुँदैन । उपभोक्ताको सबलीकरण आवश्यक हुन्छ । प्रयोगमा आएका सर्च इन्जिन, अनुवादका औजार, व्यक्तिको रुचिअनुसारका वस्तु तथा सेवाको सिफारिस वा विज्ञापन के, किन र कसरी प्रयोग भएको छ भन्ने बुझ्नुपर्ने हुन्छ । कम्पनीले प्रयोगमा ल्याएको डाटा पोलिसी गोप्य हुने र के कस्ता ठीक/बेठीक वा गैरकानुनी काम गरेको छ भन्ने पनि अनुमान गर्न सरल छैन । उपभोक्ता कानुनको परिपालना परीक्षण गर्नका लागि पनि एआइको प्रयोग हुनसक्छ ।

**निष्पक्ष र जिम्मेवार एआइको प्रसङ्ग**

जिम्मेवार एआइका सिद्धान्तमा खासगरी निष्पक्षता पारदर्शिता करुणा बृहत् खाका र जवाफदेहीता पर्दछन् । जिम्मेवार एआइको महत्त्वका सम्बन्धमा चर्चा गर्नुपर्दा यस्तो खालको एआई टुलले खासगरी प्रयोगकर्ता र सरोकारवालाबिचमा विश्वासको वातावरण बन्दछ । त्यस्तो त निष्पक्ष, पारदर्शी र नैतिक कार्यप्रणाली अवलम्बन गर्दा नै सकारात्मक परिवेश बन्न जान्छ । समावेश खालको कार्यप्रणाली अवलम्बन गर्दा विविधतायुक्त जनसङ्ख्यामा पुग्न सरल हुन्छ । साथै नियमन खाकाप्रति सचेत रहन सकेमा जरिवानालगायतका कानुनी सजायबाट बच्न सकिन्छ । सम्भावित जोखिमको पहिचान र न्यूनीकरण समयमै गर्न तथा सूचनाको सही प्रयोग गरी गुणस्तरीय निर्णयका लागि समेत एआई उपयोगी हुन्छ । कतै व्यापारिक उपलब्धिमात्र हाबी भई उपभोक्ताहरू मारमा त परेका छैनन् भन्नेबारेमा उपभोक्ता स्वयम्, नियामक निकाय र उपभोक्ता अधिकारवादी संस्थाहरू चनाखो हुनुपर्ने देखिन्छ ।

**सङ्घीय संरचनामा उपभोक्ता अधिकार**

नेपालको संविधानले धारा ४४ मा उपभोक्ता हकको व्यवस्था गर्दै गुणस्तरीय वस्तु र सेवामा पहुँचको हकको प्रत्याभूतिको व्यवस्था गरेको छ । उपभोक्ताहरू ती नै तहको सरकारसँग सम्बन्धित रहने सार्वभौम पक्ष पनि भएको हुँदा कानुन, संरचना र तथ्याङ्क प्रणालीमा आपसी समन्वय हुनु आवश्यक छ । नागरिकको नजिकबाट यो हकको प्रत्याभूतिका लागि वडा तहमा समेत गुनासो राख्ने र सम्बोधन गर्न सक्ने गरी व्यवस्था गरिनुपर्दछ भने टोल विकास संस्था, क्लब समूहहरूले समेत उपभोक्ता जागरणका लागि विभिन्न अभियानसहितका कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

स्वच्छ बजार कायम गर्नको लागि नियमनको विधिसम्मत र वस्तुगत खाका, बिक्रेतामा व्यावसायिक मूल्यमान्यता, उपभोक्तामा विवेकशीलता र सजगता तथा बजार गतिविधिको बारेमा सूचना प्रवाह र पैरवी आवश्यक पर्दछ । यी पक्षहरू आपसमा परिपूरक वा अझ भन्नुपर्दा एकआपसमा पुनर्बल दिने खालको हुनु आवश्यक छ । स्वच्छ बजार हुनका लागि उल्लेखित चार पक्षको व्यवहारमै सक्रियता र संवेदनशीलता आवश्यक छ न कि घोषणा मन्तव्य बाह्य प्रतिबद्धता वा भन्न र देखाउनकै लागि गरिने पटके र देखावटी कार्य ।

**निष्कर्ष**

चाहे जस्तोसुकै प्रविधि वा माध्यमको प्रयोग भएको होस् उपभोक्ताको सार्वभौम अधिकारको सम्मान हुनैपर्दछ । नेपालभित्र प्रयोग भइरहेका सामाजिक सञ्जाल र एआई प्रविधिको नियमनका लागि राज्यले नीति, कानुन, कार्यविधि लागू गर्न ढिला गर्न हुँदैन । समयक्रममा परिमार्जन हुँदै विषय र नेपालभित्र यस्तो प्रविधिको विकास र विस्तार गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्नेतर्फ पनि विचार पुऱ्याउनुपर्दछ । बजार स्वच्छ र प्रतिस्पर्धात्मक बन्न सकोस् ।

(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता हुनुहुन्छ ।) रासस

## सिन्ह्वाको टिप्पणी

# अमेरिकाको 'चीन कार्ड' रोगको लागि कुनै उपचार छैन

पेइचिङ, सिन्ह्वा) । अमेरिकी राष्ट्रपति जो बाइडेनले आफ्नो स्टेट अफ द युनियन सम्बोधनमा चीनको बारेमा छोटो टिप्पणी गरे तापनि टकरावको अन्तर्निहित स्वर अस्पष्ट छ ।


"उनी चीनसँग प्रतिस्पर्धा गर्न चाहन्छन्, तर द्वन्द्व होइन" भन्ने आरोप लगाउँदै बाइडेनले संयुक्त राज्य अमेरिकालाई २१ औं शताब्दीको चीन वा अरू कसैसँगको प्रतिस्पर्धा जित्नको लागि 'बलियो स्थितिमा' भनी वर्णन गरे ।

यो बयानबाजी वास्तवमा, अमेरिकी राज्य सचिव एन्टोनी ब्लिन्केनको स्पष्ट दाबी प्रतिध्वनित गर्दछ कि यदि तपाईँ अन्तर्राष्ट्रिय प्रणालीमा टेबलमा हुनुहुन्न भने तपाईँ मेनुमा हुनुहुनेछ । यसले चीनका लागि अमेरिकी राजदूत निकोलस बर्नसको अकूटनीतिक घोषणाको पछाडिको मानसिकताको पनि गन्ध आउँछ कि हामी यस्तो संसारमा बस्न चाहँदैनौँ जहाँ चिनियाँहरूको प्रभुत्व छ ।

प्रमुख अमेरिकी राजनीतिज्ञहरूका यस्ता अस्पष्ट कथनहरूले उत्कृष्टताको गहिरो भावना र विश्वव्यापी प्रभुत्व गुमाउने निरन्तर त्रासलाई धोका दिन्छ, जुन चीनलाई 'दीर्घकालीन रणनीतिक प्रतिस्पर्धी' भनेर ब्रान्ड गर्ने वाशिङ्गटनको दुष्प्रयासले बलियो बनाइरहेको छ ।

चीनलाई नियन्त्रणमा राख्ने वाशिङ्गटनका चालहरू बाक्लो र द्रुतरूपमा आउँदै छन् । राष्ट्रिय सुरक्षाको बहानामा, यसले चिनियाँ ब्याट्री विशाल CATL लाई मरीन कोर्प्स बेसबाट हटाएको छ, अमेरिकी बन्दरगाहहरूमा चीन निर्मित 'जासुस क्रेन' प्रतिस्थापन गर्न अरबौँ लगानी गर्ने योजना घोषणा गरेको छ । १,००० भन्दा बढी चिनियाँ कम्पनीहरूलाई विभिन्न प्रतिबन्धहरूको सूचीमा राखेको छ र बायोटेक तथा एआईजस्ता उन्नत टेक्नोलोजीहरूमा निर्यात नियन्त्रणहरू लागू गरिएका छन् ।

तैपनि, अमेरिकी राजनीतिज्ञहरूले यो बुझ्नु आवश्यक छ कि 'चीन कार्ड' खेल्दा अमेरिकाको आन्तरिक समस्यालाई कहिल्यै हल्लाउन सक्दैन ।




पार्टीगत कलह, राजनीतिक ध्रुवीकरण, लोकप्रियतावाद, जातिवाद, बढ्दो राष्ट्रिय ऋण र बन्दुक हिंसालगायतका यसका घरेलु चुनौतीहरू चीनबाट होइन, अमेरिका भित्रबाट आएका हुन् र त्यसरी नै समाधान गर्न सकिन्छ ।

ब्रुकिङ्स इन्स्टिच्युटका वरिष्ठ फेलो रायन हसले लेखेका छन्, "घरेलु विभाजनलाई जित्नको लागि आधारको रूपमा चीनको बाह्य खतरालाई बहाना बनाउने कुनै पनि प्रयास सफल हुने सम्भावना छैन र यसले घर र विदेशमा अमेरिकी हितलाई हानि पुऱ्याउने सम्भावना छ ।"

चीनलाई 'काल्पनिक शत्रु' को रूपमा अगाडि सार्दा तनाव बढ्ने खतरा हुन्छ र चीनसँग द्वन्द्वको जोखिम बढ्छ । यसले रचनात्मक संलग्नता र पारस्परिक समझदारीतर्फको प्रयासलाई पनि कमजोर बनाउँछ र दुई प्रमुख देशहरूबीचको स्वस्थ र स्थिर सम्बन्धलाई बढावा दिन आवश्यक विश्वासलाई घटाउँछ ।

चीनको रणनीतिक उद्देश्य पारदर्शी र स्पष्ट छ । यसको संयुक्त राज्य अमेरिकाको स्थानान्तरण गर्ने कुनै उद्देश्य छैन र आफ्नो सामाजिक आर्थिक विकासमा स्थिर प्रगति गर्न प्रतिबद्ध छ ।

यसैबिच चीनले विश्वका लागि थप सार्वजनिक वस्तुहरू उपलब्ध गराउने र अरूमाथि आफ्नो इच्छा नथोपी शान्ति र विकासको प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । यो दृष्टिकोण, एकपक्षीय प्रभुत्वको ठाउँमा सहयोग र पारस्परिक लाभलाई जोड दिँदै अमेरिकी आधिपत्यवादी बदमासीको विपरीत छ ।

विश्वव्यापी अनिश्चितताको सामना गर्दै संयुक्त राज्य अमेरिका र चीनले फरक दृष्टिकोण अपनाएका छन् । अमेरिकाले अन्य देशको विकासलाई सीमित गर्ने र त्यसलाई रोक्ने प्रयास गर्दै स्वार्थी व्यवहार अपनाएको छ । यसको विपरीत, चीनले आपसी लाभ र सहयोगलाई प्राथमिकता दिने र सबै जनताको साझा भविष्य निर्माण गर्ने विश्वव्यापी समुदायको निर्माणलाई समर्थन गर्दै आफ्नै विकासलाई प्रवर्द्धन गर्ने छनोट गरेको छ ।

अन्तत: भिन्न मार्गहरूले विश्वले गर्नुपर्ने महत्त्वपूर्ण छनोटको प्रतिनिधित्व गर्दछ: प्रतिस्पर्धाको आडमा एकपक्षीयतालाई प्राथमिकता दिने वा पारस्परिक सहयोग र सामूहिक समृद्धिलाई अँगाल्ने ?

पहिलो छनोटले वाशिङ्गटनको आधिपत्यवादी सोचलाई बढावा दिनु हो भन्दा कुनै फरक नपर्ला ।

# सुडानमा ५० लाख मानिस भोकमरीको जोखिममा



संयुक्त राष्ट्रसङ्घ, १६ मार्च (एएफपी)। संयुक्त राष्ट्रसङ्घले सुडानको द्वन्द्वरत समूहलाई 'विनाशकारी' भोकमरीबाट बचाउन मानवीय राहत वितरण गर्न अनुमति दिन शुक्रबार आग्रह गरेको छ।

एएफपीले शुक्रबार प्राप्त गरेको संयुक्त राष्ट्रसङ्घको दस्तावेजअनुसार सुडानका प्रतिद्वन्द्वी जनरलबिचको करिब एक वर्ष लामो युद्धले देशलाई टुक्र्याउने क्रम जारी रहँदा आगामी महिनाहरूमा करिब ५० लाख सुडानीले खाद्य असुरक्षाको सामना गर्नुपर्ने हुनसक्छ।

सेना प्रमुख अब्देल फताह अल बुरहान र उहाँका पूर्वसहयोगी मोहमद हमदान डग्लोबिच गत वर्षको अप्रिलदेखि जारी युद्धले दसौँ हजारको ज्यान लिइसकेको छ भने पूर्वाधार ध्वस्त पारेको छ। युद्धका कारण यहाँको अर्थतन्त्र धराशायी बनेको छ।

यसले गम्भीर मानवीय सङ्कट र तीव्र खाद्यान्न अभाव पनि निम्त्याएको छ र देश अनिकालको सङ्घारमा पुगेको छ।

संयुक्त राष्ट्रसङ्घका मानवीय सहायता प्रमुख मार्टिन ग्रिफिथ्सले सुरक्षा परिषद्लाई लेखेको पत्रमा करिब एक करोड ८० लाख सुडानीले खाद्य असुरक्षाको सामना गरिरहेको उल्लेख गर्दै आगामी महिनामा देशका केही भागमा करिब ५० लाख मानिस विनाशकारी खाद्य असुरक्षामा फस्न सक्ने चेतावनी दिनुभएको छ।

डार्फरका दुई लाख ४० हजारभन्दा बढीसहित करिब सात लाख ३० हजार सुडानी बालबालिका 'गम्भीर' कुपोषणबाट पीडित रहेको उहाँले बताउनुभयो।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफन दुजारिकले भन्नुभयो, "सहायता सङ्गठनहरूलाई सुडानभित्रको द्वन्द्वग्रस्त क्षेत्रमा समेत सुरक्षित, छिटो, दिगो र निर्बाध पहुँचको खाँचो छ। अन्तर्राष्ट्रिय समुदायबाट स्रोतसाधनको व्यापक परिचालन पनि महत्त्वपूर्ण छ।"

संयुक्त राष्ट्रसङ्घको विश्व खाद्य कार्यक्रमले युद्धले 'विश्वको सबैभन्दा ठुलो भोकमरीको सङ्कट निम्त्याउने' चेतावनी दिएको छ।

पोर्ट सुडानमा पर्याप्त मात्रामा सहायता मौज्दात रहेको तर समस्या भनेको त्यहाँबाट आवश्यक परेका मानिसहरूलाई सहयोग पठाउनुरहेको संयुक्त राष्ट्रसङ्घीय बालबालिकासम्बन्धी निकाय युनिसेफका सुडानका लागि आपतकालीन प्रमुख जिल ललरले बताउनुभयो।

ललरले ११ महिना पहिले युद्ध सुरु भएयता खार्तुममा पुग्ने संयुक्त राष्ट्रसङ्घको पहिलो मिसनको नेतृत्व आफूले गत साता गरेको बताउनुभएको थियो। न्युयोर्कबाट भिडियो लिङ्कमार्फत जेनेभामा पत्रकारहरूसँग कुरा गर्दै उहाँले देशभरिका बालबालिकाका लागि आवश्यकताको परिमाण उच्च छ भन्ने कुरा आफूहरूले प्रत्यक्ष देखेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "यस युद्धले सबैले व्यक्त गरेको पहिलो चिन्ताजस्तै 'देशलाई भोकमरी र अनिकालतर्फ धकेलिरहेको छ।"

सुडानका लागि युनिसेफका प्रतिनिधि मन्दीप ओ ब्रायनले एक करोड ४० लाख बालबालिकालाई मानवीय सहायताको खाँचो रहेको र ४० लाख बालबालिका विस्थापित भएको बताउनुभयो।

उहाँले सामाजिक सञ्जाल एक्समार्फत जारी सन्देशमा भन्नुभएको छ, "बालबालिकाको जीवन र भविष्यको ठुलो क्षति हुन नदिन एउटा सानो छिद्र मात्र बाँकी छ।"

हालै सुडानको भ्रमणबाट फर्केका विश्व स्वास्थ्य संगठनका क्षेत्रीय निर्देशक हनान बाल्खीले डार्फरको चरम आवश्यकतामाथि जोड दिँदै अधिकांश स्वास्थ्य संस्थाहरू लुटिएको, क्षतिग्रस्त भएको वा नष्ट भएको बताउनुभयो।

संयुक्त राष्ट्रङ्घका सहायता प्रमुख ग्रिफिथ्सले सुरक्षा परिषद्को प्रस्तावका बावजुद मुस्लिमधर्मावलम्बीको पवित्र महिना रमजानको समयमा पनि युद्ध जारी रहेको बताउनुभयो।

# महिला सशक्तीकरण प्रयासका लागि संयुक्त राष्ट्र सङ्घको कार्यक्रममा चीनले विशेष भूमिका खेल्ने

संयुक्त राष्ट्रसङ्घ, १६ मार्च (सिन्ह्वा)। महिला र युवालाई सशक्त बनाउने संयुक्त राष्ट्र सङ्घको प्रयासमा चीनको सहयोग रहिरहने चिनियाँ अधिकारीले जनाएका छन्।

मार्च २२ मा न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा समापन हुने संयुक्त राष्ट्रसङ्घीय महिला आयोगको ६८ औँ सत्रमा सहभागी चिनियाँ प्रतिनिधिमण्डलको नेतृत्व गर्दै चीनको बालबालिका र महिलासम्बन्धी राष्ट्रिय समितिको उपप्रमुख हुआङ जियाओवीले उक्त कुरा बताउनुभएको हो।

राष्ट्र सङ्घीय सुरक्षा परिषद्मा द्वन्द्व रोकथाम प्रवर्द्धन-महिला युवासहित अभिनेता सशक्तिकरण खुला बहसमा अशान्त अन्तर्राष्ट्रिय अवस्थामा महिला तथा युवाको सशक्तिकरणको महत्त्व रहेको उहाँले जोड दिनुभयो।

बदलिँदो संसारमा राम्रो प्रतिक्रिया जनाउन तथा शान्ति र विकासलाई अगाडि बढाउन उनीहरूको ज्ञान र सम्भावना प्रयोग गर्नसमेत आग्रह गर्नुभएको छ।

चीनले महिला तथा युवाहरूको आर्थिक सशक्तिकरण क्षमता निर्माणलाई समर्थन गर्ने उनीहरूको शिक्षा र रोजगारीका अवसरहरू सुनिश्चित गरी विकासलाई बढावा दिई स्थायी शान्ति प्राप्त गर्न ठोस आधार तयार गर्न मद्दत गर्ने कुरामा उहाँले जोड दिनुभयो।

चीन सधैँ महिला र युवाहरूको सशक्तिकरण र विकासका लागि दृढ र सक्रिय अभ्यासकर्ता रहेको उल्लेख गर्दै हुआङले कानुन, नीति र नयाँ नयाँ उपाय अपनाएर महिलालाई आर्थिक र सामाजिक विकासको फाइदा बाँड्ने सुनिश्चितताका लागि चीन प्रतिबद्ध रहेको बताउनुभयो।

चीनले चार करोड ४० लाखभन्दा बढी चिनियाँ ग्रामीण महिलालाई चरम गरिबीबाट मुक्त गरेको बताउँदै चिनियाँ जनशक्तिमा ४० प्रतिशतभन्दा बढी, प्राविधिक कामदार ४५.८ प्रतिशत र डिजिटल व्यापार र लाइभ स्ट्रिमिङजस्ता नयाँ व्यापार मोडल सञ्चालन गर्नेमध्ये एक तिहाइ महिला जनशक्ति रहेको उहाँले बताउनुभयो।

ह्वाङले चीनले युवाहरूको प्रगतिलाई ठुलो महत्त्व दिइएको बताउँदै उनीहरूको समग्र विकासमा समर्पित राष्ट्रिय योजनाहरू लागु र कार्यान्वयन गरेको तथा शिक्षा र रोजगारीका सम्बन्धमा २४० भन्दा बढी युवा समर्थक नीतिहरू रहेको बताउनुभएको छ।

राष्ट्रव्यापीरूपमा १८७ भन्दा बढी चिनियाँ सहरहरूले युवाहरूद्वारा सञ्चालित सहरी विकासको अन्वेषण गर्न पहल गरेका छन्। वैज्ञानिक र प्राविधिक नवप्रवर्तन, ग्रामीण पुनः उत्थान तथा अन्तर्राष्ट्रिय सहयोगका लागि अधिक युवाहरू अग्रणी शक्ति बनिरहेका उहाँले बताउनुभयो।

उहाँले मार्च २२ मा न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा समापन हुने संयुक्त राष्ट्रसङ्घीय महिला आयोगको ६८ औँ सत्रमा सहभागी चिनियाँ प्रतिनिधिमण्डलको नेतृत्व गरिरहनुभएको छ।

# ईयूले रोक्का गरेको रूसी सम्पत्तिलाई हतियार खरिद गर्न प्रयोग गरिने

ब्रुसेल्स, १६ मार्च (एएनआई)। युरोपेली सङ्घ (ईयू) का सदस्य राष्ट्रहरूले रूसी सम्पत्ति रोक्का गर्दा प्राप्त रकम हतियार खरिदमा प्रयोग गर्ने प्रक्रिया अघि बढाउने भएका छन्।

फ्रान्सका राष्ट्रपति इमानुयल म्याक्रौँ र पोल्याण्डका प्रधानमन्त्री डोनाल्ड टस्कसँगको संयुक्त पत्रकार सम्मेलनमा बोल्दै चान्सलर सोल्जले भन्नुभयो, "हामीले युरोपमा रोक्का रूसी सम्पत्तिबाट आएको आम्दानीलाई हतियार खरिदका लागि युक्रेनलाई आर्थिक सहयोग गर्न प्रयोग गर्नेछौँ।"

ईयूका उच्च पदस्थ प्रतिनिधिका अनुसार ईयूले अहिलेसम्म रूसविरूद्धको प्रतिरोधका लागि प्रतिबन्धको १४ औँ प्याकेजमा काम गरिरहेको छ।

उहाँले भन्नुभयो, "हामी पहिले नै प्रतिबन्धको १४ औँ प्याकेजमा काम गरिरहेका छौँ र यसमा युक्रेनमा रूसी युद्धको सामना गर्ने उपायहरू समावेश हुनेछन्। उहाँले अर्को प्रतिबन्धको प्याकेज कहिले ल्याइन्छ भन्ने बिषयमा जानकारी गराउन अस्वीकार गर्नुभयो।"

प्रतिबन्धको अर्को चरणको घोषणा कहिले गरिनेछ भन्ने बिषयमा जवाफ दिन अस्वीकार गर्नुभयो।

सन् २०२२ को फेब्रुअरीदेखि युरोपेली सङ्घ (ईयू) ले युक्रेनमा भएको विशेष सैन्य कारबाहीलाई लिएर यसअघि रूसविरुद्ध व्यक्तिगत तथा आर्थिक प्रतिबन्धका १३ वटा प्याकेज ल्याइसकेको छ। फेब्रुअरी २३ मा स्वीकृत गरिएको अन्तिम प्रतिबन्ध १३ औँ भएको रूसी समाचार संस्था तासले जनाएको छ।

ईयूले युक्रेनलाई सैन्य सहायताका लागि पाँच अर्ब युरो अर्थात् पाँच अर्ब ४८ करोड अमेरिकी डलर उपलब्ध गराउने सहमति बिहीबार भएको हो।

रूसको आक्रमणविरुद्ध युक्रेनी सेनाले सङ्घर्ष गरिरहेका बेला युक्रेनलाई सैन्य सहयोग विस्तार गर्ने घोषणा गर्दै युक्रेनलाई जितका लागि आवश्यक पर्ने सबै कुरामा ईयूको सहयोग रहने बताइएको छ। ईयूका विदेश मामिला तथा सुरक्षा नीतिसम्बन्धी उच्च अधिकारी जोसेप बोरेलले भन्नुभयो, "ईयू सदस्य राष्ट्रका सरकारका प्रतिनिधिहरू सहमत भएका छौँ।"

उहाँले भन्नुभयो, "यो कोषले हामीलाई थप पाँच अर्ब युरो (५.४८ अमेरिकी डलर) सैन्य सहयोग बढाउन अनुमति दिनेछ। सन्देश स्पष्ट छ। हामी विजय प्राप्त गर्न आवश्यक सबै कुरा उपलब्ध गराउनेछौँ।"

युरोपेली सङ्घका २७ सदस्य राष्ट्रका राजदूतहरूले युरोपेली शान्ति सुविधा (ईपीएफ) कोषको फेरबदलका लागि बुधबार ब्रुसेल्समा भएको बैठकमा सहमति जनाएका छन्।

# हमास र यमनी हुथी विद्रोहीबिच छलफल

गाजा, १६ मार्च (एएफपी)। हमास र यमनका हुथी विद्रोहीका शीर्षस्थ व्यक्तिहरूबिच इजरायलविरुद्ध आफ्ना गतिविधिहरू सञ्चालन गर्न समन्वय गर्ने विषयमा छलफल गर्न दुर्लभ बैठक गरेको प्यालेस्टिनी स्रोतहरूले शुक्रबार एएफपीसँग बताएका छन्।

हमास र यमनी हुथी समूहले 'इजरायलको गाजामा भइरहेको कारबाहीको प्रतिरोध' गरिरहेका छन्। इराननिकट यी समूहजस्तै लेबनानको हिजबुल्लाह र केही इराकी लडाकू समूहको पनि इजरायल तथा संयुक्त राज्य अमेरिकासँग शत्रुतापूर्ण व्यवहार रहेको छ।

गत अक्टोबर ७ मा इजरायल-हमास युद्ध सुरु भएयता हुथी विद्रोहीले गाजामा प्यालेस्टिनीप्रति ऐक्यबद्धता जनाउँदै इजरायलसँग सम्बन्धित पानीजहाजलाई निशाना बनाएको भन्दै महिनौँदेखि रेड सीको बाटो भएर आवतजावत गर्ने पानीजहाजमा आक्रमण गर्दै आएका छन्।

हमास र इस्लामिक जिहाद निकटस्थ स्रोतका अनुसार दुई प्यालेस्टिनी इस्लामिक समूहका साथै 'प्यालेस्टिनी मार्क्सिस्ट पपुलर फ्रन्ट' का नेताहरूले गत हप्ता हुथी प्रतिनिधिहरूसँग 'महत्त्वपूर्ण बैठक' गरेका थिए।

हमास निकट स्रोतले बैठक कहाँ भएको थियो भन्ने उल्लेख नगरी यी समूहहरूले गाजा युद्धको 'अर्को चरणका प्रतिरोधका गतिविधिहरूका लागि समन्वय गर्ने संयन्त्र' बारे छलफल गरेका थिए।

प्यालेस्टिनी समूह र हुथीविद्रोही समूहले दक्षिणी गाजाको रफाहमा इजरायली स्थलआक्रमण हुनसक्नेबारे पनि कुराकानी गरेको नाम उल्लेख नगर्ने शर्तमा स्रोतले जनाएको छ।

संयुक्त राष्ट्रसङ्घका अनुसार गाजामा हमासको अन्तिम किल्ला रफाह र आसपासका क्षेत्रमा करिब १५ लाख मानिसको भीड लागेको छ जसमध्ये अधिकांश विस्थापित भएका छन् र इजिप्टको सीमानजिक कमजोर जीवनयापनको अवस्थामा छन्।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कार्यालयले शुक्रबार रफाहमा सैन्य कारबाही गर्ने सेनाको योजनालाई स्वीकृति दिएको जनाएको छ।

हमास र इस्लामिक जिहादस्रोतका अनुसार हुथी विद्रोहीले 'प्यालेस्टिनी प्रतिरोधलाई समर्थन गर्न' रेड सीबाट आवतजावत गर्ने पानीजहाजमा आक्रमण जारी राख्ने बताएका छन्।

यमनी विद्रोही हुथी समूहका नेता अब्दुल मलिक अल-हुथीले बिहीबार दक्षिण अफ्रिकाको 'केप अफ गुड होप' पार गर्दै रेड सीबाट टाढा रहेका पानीजहाजलाई लक्षित गरी आक्रमण विस्तार गरिने बताएका छन्।

अक्टोबर ७ मा हमासको अकल्पनीय आक्रमणबाट इजरायलमा करिब एक हजार १६० जनाको मृत्यु भएको एएफपीले इजरायली अधिकारीद्वारा पुष्टि गराएको तथ्याङ्कमा उल्लेख छ।

प्यालेस्टिनी लडाकूहरूले करिब २५० जना इजरायली र विदेशी बन्धकलाई पनि कब्जामा लिएका थिए, जसमध्ये करिब १०० जना लाई नोभेम्बरमा एक हप्ता लामो युद्धविरामको क्रममा रिहा गरिएको थियो। इजरायलले गाजामा करिब १३० जना बन्दी रहेको र तीमध्ये ३२ जनाको मृत्यु भएको अनुमान गरेको छ।

इजरायलले हमासविरुद्ध गरेको जवाफी कारबाहीमा गाजामा कम्तीमा ३१ हजार ४९० जनाको मृत्यु भएको त्यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

# विदेशी पर्यटकको चाप बढेसँगै श्रीलङ्काको अर्थतन्त्रमा राहत महसुस

कोलम्बो, १६ मार्च (एएफपी)। सन् २०२३ को चौथो त्रैमासिकमा पर्यटन आगमनमा वृद्धिसँगै अकल्पनीय वित्तीय सङ्कटको सामना गरेको श्रीलङ्कामा आर्थिक पुनरुत्थान भएको श्रीलङ्का सरकारले शनिबार जनाएको छ।

कृषि, उद्योग र सेवा क्षेत्रको विस्तार दर डिसेम्बरमा सकिएको त्रैमासिकमा ४.५ प्रतिशत पुगेको छ। यो अघिल्लो वर्षको सोही अवधिमा १२.४ प्रतिशतले सङ्कुचन भएको थियो।

सन् २०२२ मा ७.८ प्रतिशतले सङ्कुचन भएको अर्थतन्त्र सन् २०२३ मा समग्रमा २.४ प्रतिशतले खुम्चिएको छ।

विभागले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "सन् २०२३ मा श्रीलङ्काको अर्थतन्त्रले द्वैतताको अनुभव गरेको छ। यस वर्षको पहिलो ६ महिनामा ऋणात्मक वृद्धि भएको छ भने दोस्रो त्रैमासिकमा अर्थतन्त्रमा सुधार आएको छ।"

विभागले भनेको छ, "पर्यटनमा लामो समयदेखि प्रतिक्षा गरिएको सुधारको सन् २०२३ को अन्त्यतिर आएको छ। कामदारको रेमिटेन्समा पनि सुधार आएको छ।"

गत डिसेम्बरमा श्रीलङ्का घुम्न आउने पर्यटकको सङ्ख्या दुई लाख १० हजार पुगेको छ। यो सङ्ख्या अघिल्लो वर्षको ९१ हजार ९०० को तुलनामा दोब्बरभन्दा बढी हो।

श्रीलङ्काले हाल अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) बाट चार वर्षका लागि २.९ अर्ब अमेरिकी डलरको जमानत कर्जा लिइरहेको छ र ऋण पुनर्संरचनाको लागि विदेशी ऋणदाताहरूसँग छलफल गरिरहेको छ।

सन् २०२२ मा आर्थिक सङ्कटको शिखरमा पुगेको मुलुकमा आयातका लागि भुक्तानी गर्न विदेशी मुद्रा सञ्चिति सकिएपछि महिनौँसम्म खाद्यान्न, इन्धन र औषधिको अभाव भएको थियो।

राष्ट्रव्यापी नागरिक आन्दोलनको क्रममा प्रदर्शनकारीहरूले सन् २०२२ को जुलाईमा तत्कालीन राष्ट्रपति गोटाबाया राजापाक्षको सरकारी निवासमा आक्रमण गरेपछि उहाँले पदबाट राजिनामा दिन बाध्य हुनुभएको थियो।

उहाँको उत्तराधिकारी रनिल विक्रमासिङ्घेले आर्थिक सङ्कटबाट देशलाई माथि उकास्न करको दायरालाई दोब्बर पार्दै उदार ऊर्जा अनुदान फिर्ता लिनुभएको थियो भने मुलुकको लागि आर्थिक आवश्यकतालाई ध्यानमा राख्दै राजस्व सङ्कलन वृद्धिका लागि वस्तुहरूको मूल्यवृद्धि गर्नुभएको थियो।

# अन्तरनगर महिला कबड्डी प्रतियोगिता २०८० हेर्दा

✍ जे.पी. तिमिल्सिना

मङ्गलबार बिहान दस बजे वागीश्वरी हुँदै दत्तात्रयमा पुग्दा मानिसहरूको चहलपहल धेरै थियो । विभिन्न विद्यालयका विद्यार्थीहरू अनेकौँ पोसाकमा ब्यानर बोकेर आउँदै थिए । खेलकुदमा सहभागी हुन चारैतिरबाट सहभागीहरू आउँदै थिए । हाम्रो नजर दत्तात्रय मन्दिरको वरिपरिका दृश्यतिर घुम्दै थियो । कला, संस्कृति र सम्पदाको धनी भक्तपुरको केन्द्रमा रहेको दत्तात्रय मन्दिर अनेकौँ कला कौशलले सजिसजाउ र भरिभराउ थियो । कलात्मक शैलीमा निर्मित यो मन्दिरको अगाडि दुईवटा अग्ला ढुङ्गाका खम्बाहरू छन् भने खम्बाको शिर वा टुप्पोमा मौलिकता झल्कने मूर्ति राखिएको छ । चारैतिर सुन्दर, रमणीय मानव निर्मित कलाकौशलले सजिएका दृश्यहरूको ठीक अगाडि ठुलो ब्यानर झुन्ड्याइएको थियो । फरकफरक साइजका रङ्गीन अक्षरहरूले उक्त ब्यानरमा लेखिएको थियो, 'पुर्खाले सिर्जको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने मूल नारासहित भक्तपुर नगरपालिकाले आयोजना गरेको अन्तरनगर महिला कबड्डी खेलकुद प्रतियोगिता २०८० उद्घाटन र्‍याली । मन्दिरको फिल्डमा साना ठुला विद्यार्थीहरूका आआफ्नो ब्यानरसहितको लस्करै लाइन लागेका थिए । प्रत्येक लाइनको बिचबिचमा शिक्षक शिक्षिका तथा खेल शिक्षकहरूले अनुशासन, नैतिकता तथा इमानदारीतासम्बन्धी निर्देशन दिँदै गरेको देखिन्थ्यो । विभिन्न देशबाट भ्रमणमा आएका फरकफरक उमेरका पर्यटकहरूले खेलाडीहरूको बिचबिचमा पसेर फोटो खिच्ने, भिडियो बनाउने, सेल्फि लिने, टिकटक बनाउने काममा व्यस्त भएका दृश्य अति आकर्षक थिए । खेलप्रेमीहरूको ठुलो भिड लागिसकेको थियो । यतिखेरसम्म भक्तपुर नगरपालिकाका प्रायः जनप्रतिनिधिहरू उपस्थित भइसक्नुभएको थियो । भेलामा धेरै सम्मानित व्यक्ति जम्मा हुनुभएको थियो । खेलकुदप्रेमी, स्वदेशी तथा विदेशी बटुवाहरू, पर्यटकहरू फोटो लिँदै, रमाइलो महसुस गर्दै थिए । यत्तिकैमा माइकिङ सुरु भयो । सबै सहभागीहरूलाई र्‍यालीमा सहभागी हुन, अनुशासनसम्बन्धी, झन्डा, ब्यानर, जुलुसको नियम सुनाएपछि बिस्तारै खेलप्रेमीहरूको जुलुस अगाडि बढ्यो । जुलुसको अग्रस्थानमा सुरक्षा कबजको रूपमा बक्सिङका खेलाडीहरू थिए, त्यसपछि प्रसिद्ध भक्तपुरका धिमे बाजागाजाहरू थिए । बाजागाजापछि नेपालको झन्डा फहराएको थियो । अनुशासितरूपमा निश्चित नियम र पद्धतिको आधारमा जुलुस बनेको थियो । भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, विभिन्न खेलाडीहरू, खेलकुद कर्मचारीहरू, यसपछि विभिन्न पन्ध्र वटा पालिकाका खेलाडीहरू, विद्यालयबाट सहभागी भएका विद्यार्थीहरू, खेलकुद समितिका पदाधिकारीहरू, खेलप्रति रुचि राख्ने खेलप्रेमीहरू थिए भने सबैभन्दा अन्तिममा भक्तपुर नगरपालिकाका कर्मचारीहरूको टीम थियो । व्यवस्थित, अनुशासित र्‍यालीलाई भक्तपुर नगरपालिका ९ नं. वडाध्यक्ष रवीन्द्र ज्याख्वले कार्यक्रममा स्वागत गर्दै जुलुस परिक्रमा गर्ने रुटहरू, अनुशासन आचरणका सम्बन्धमा जानकारी दिनुभएको थियो । खेलकुदप्रेमीहरूको यो र्‍याली भक्तपुर नगरका विभिन्न क्षेत्रहरूको परिक्रमा गर्दै अगाडि बढेको थियो । दत्तात्रयबाट सुरु भएको जुलुसले इनाचो, गोल्मढी, सुकुलढोका, क्वाछेँ, तौमढी, गःहिटी, नासमना, वंशगोपाल, भार्वाचो हुँदै सहिद स्मृति खेलमैदानमा पुगेको थियो ।

सहिद स्मृति खेलमैदान गहिरो भागमा पश्चिमतिरबाट ठुलो जालीले घेरिएको, सानो चिटिक्क परेको रमणीय थियो । दुलहीजस्तै सजिएको चिटिक्क परेको सानो मञ्चको पछाडि ठुलो उद्घाटन ब्यानर टाँगिएको थियो । ब्यानरसँगै बिच भागमा नेपालको झन्डा थियो भने वरिपरि अन्तरमहिला कबड्डी प्रतियोगितामा सहभागी भएका नगरपालिकाहरूका झन्डाहरू थिए । प्रमुख अतिथि, विशेष अतिथि र अतिथिलाई आसन ग्रहण गर्न छुट्टै स्थान बनाइएको थियो भने मन्तव्यको लागि अल्लि टाढा रोस्टम राखिएको थियो । खेलमैदानको उत्तर, पूर्व र दक्षिणतिर खेलप्रेमी तथा दर्शकहरूको लागि बनाइएको व्यवस्थित सिँढीहरू थिए । खेलमैदानको तीनतिर



हजारौँ दर्शक अट्ने गरी करिब २२/२३ वटा लामा लामा लाइनमा आरामसँग बसेर खेल हेर्न मिल्ने व्यवस्था थियो । हामीहरू पनि सयौँ दर्शनहरूसँग घुलमिल गर्दै बिच भागमा बस्यौँ ।

सम्पूर्ण खेलाडी तथा दर्शकलाई शुद्ध पिउने पानीको व्यवस्था थियो । खेलमैदान र दर्शकहरू बस्ने स्थान सफासुग्घर थियो । नजिकै शौचालयको व्यवस्था थियो । विभिन्न विद्यालयबाट खेलकुद हेर्न र सिक्ने सहभागी भएका विद्यार्थीहरूलाई कार्यक्रम स्थलमै विभिन्न प्रकारको खाजा नास्ताको व्यवस्थापन गरिएको देखिन्थ्यो भने अन्य अतिथिहरूको लागि उद्घाटन कार्यक्रम सकिए पछि नेवारी परिकारको खाजाको व्यवस्था मिलाइएको थियो ।

नेपालमा सबैभन्दा पहिले हुन लागेको राष्ट्रियस्तरको 'अन्तरनगर स्तरीय महिला कबड्डी' प्रतियोगितामा नेपालका विभिन्न जिल्लाका पन्ध्रवटा नगरपालिकाका टीमहरू सहभागी भएका थिए । भक्तपुर नगरपालिकाले हरेक व्यक्तिलाई कुनै न कुनै खेलकुद वा व्यायाममा सहभागी गराउने उद्देश्यले विभिन्न खेलकुद सञ्चालन गर्ने, टोलटोलमा खेलमैदान निर्माण गर्ने, व्यायामशाला निर्माण, हरेक विद्यालयलाई खेलकुदमा विशेष जोड दिन प्रोत्साहन गरेको देखिन्छ । नयाँ पुस्तालाई खेलको माध्यमबाट अनुशासित, इमानदार, निरोगी, जाँगरिलो, फूर्तिलो बनाउँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादन गरिएको देखिन्छ । खेलकुदको माध्यमबाट विभिन्न पालिकाहरूसँग भेषभूषा, भाषा, संस्कृति, संस्कार, सभ्यताको अनुभव आदानप्रदान गर्ने, सम्बन्ध विस्तार गर्दै भाइचारको भावना बढाउने विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने क्रममा यो प्रतियोगिता सञ्चालन गरिएको हो । प्रतियोगितामा प्रथम हुने टीमलाई रु. एक लाख पचास हजार, दोस्रोलाई रु. एक लाख र तेस्रो र चौथोलाई पचास/पचास हजार नगद पुस्कारको व्यवस्था गरेर सञ्चालन भएको यो 'अन्तरनगर महिला कबड्डी प्रतियोगिता २०८०' को उद्घाटन नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँबाट गरिएको थियो । नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा प्रदेश सांसद सुरेन्द्रराज गोसाई, उपप्रमुख रजनी जोशी, कार्यकारिणी प्रमुख वसन्त भट्टराईलगायतका व्यक्तिहरूले शुभकामना मन्तव्य दिनुभएको थियो । अन्य कार्यक्रमहरूमा दर्शक दीर्घामा वृद्धवृद्धा, बुढाबुढी तथा अभिभावकहरूको बाहुल्यता देखिन्थ्यो भने यहाँ युवाहरू, स्कूल, कलेजका विद्यार्थीहरूको बाहुल्यता थियो ।

यो अन्तरनगर महिला कबड्डी प्रतियोगिता २०८० मा देशका विभिन्न नगरपालिका, उपनगरपालिका, महानगरपालिकाका गरेर पन्ध्रवटा टीमको सहभागिता थियो । यो प्रतियोगितामा नेपालको सुदूरपश्चिम प्रदेशका महाकाली नगरपालिका दार्चुला, मेलोनि नगरपालिका बैतडी, भीमदत्त नगरपालिका कञ्चनपुरदेखि काठमाडौँ महानगरपालिका, गोदावरी नगरपालिका, पनौती नगरपालिका, बनेपा नपा, सिद्धिचरण नपा, बुटवल उपनपा, कीर्तिपुर नपा, कलैया नपा, भक्तपुर नपा, मध्यपुर नपालगायतको सहभागिता देखियो । प्रतियोगिताले सम्पूर्ण खेलप्रेमी दर्शकहरूलाई आनन्द दिलाएको थियो । हरेक खेलमा उत्कृष्ट खेल प्रर्दशन गर्ने एक खेलाडीलाई भक्तपुर नगरपालिकाले, म्यान अफ द म्याच, घोषणा गर्दै सम्मानित गरेर खेलाडीलाई सम्मान र हौसला प्रदान गरेको थियो ।

शिक्षा, स्वास्थ, संस्कृति, सम्पदा, पर्यटनको हिसाबले परिचित भक्तपुर नगरपालिका खेलकुदको रूपमा पनि सबैभन्दा अगाडि बढेको देखियो । वास्तवमा भक्तपुर एउटा खुला विश्वविद्यालय हो । यहाँका प्राचीन कालदेखि हालसम्मका हरेक पक्षको अध्ययन, अवलोकन गर्न पाइन्छ ।

# आखिर मानिस किन बसाइँ सर्छ ?

- **चेतन अधिकारी**

हिजोआज बसाइँसराइले गाउँ रित्तिएका, सहर भरिएका, हिमाल पहाड बिराना बनेका, तराईमा घना बस्ती बसेका विषयहरू जताततै सुन्न र हेर्न पाइन्छ । मानिस किन यसरी चलायमान भएका हुन् ? उनीहरूलाई के नपुगेर बसिरहेको ठाउँबाट हिँडेका हुन् वा के पाइन्छ भनेर नयाँ नयाँ ठाउँ खोज्दै भौँतारिएका हुन् ? यस्ता प्रश्नहरूलाई यतिबेला मञ्चको अवस्था हेरी फरक फरक तरिकाले प्रस्तुत गरिने गरेको छ । पहिला पहिला सुनिने जन्मदर घटाऔँ, दुई मात्र सन्तान जन्माऔँ भन्ने नारा सुनिन छाडेका छन् । सुनिन्छन् त केवल मानिस उता सरे, यता सरे । यताको गाउँ रित्तियो, उताको सहर भरियो मात्र । सरसर्ती हेरौँ नेपालीहरू कसरी बसाइँसराइको परम्परागत मार्ग पछ्याउँदै हिमाल पहाडबाट ओरालो झरिरहेका छन् ।

**प्रजातन्त्र, पञ्चायत हुँदै गणतन्त्रसम्मका दृश्य**

राणाशासन अन्त्य भएर नेपालमा प्रजातन्त्रको उदय भइसकेपछिको पहिलो जनगणना अर्थात् जनगणनाको पाँचौं शृङ्खला २००९/११ सालको जनगणनामा नेपालको हिमाल र पहाडी भूभागमा कूल जनसङ्ख्याको ६४.८ र तराईमा ३५.२ प्रतिशत मानिसहरू बस्दथे । प्रजातन्त्रलाई राजा महेन्द्रले जफत गरेर पञ्चायती व्यवस्था सुरु गरेको अर्को वर्ष गरिएको २०१८ सालको जनगणनामा हिमाल र पहाडमा बस्ने जनसङ्ख्या घटेर तराईमा बस्ने जनसङ्ख्या बढ्न थाल्यो । यसअनुसार हिमाल र पहाडमा ६३.६ र तराईमा ३६.४ प्रतिशत मानिस बसोबास गरेको देखिन्छ ।

विसं २०२८ देखि हिमाल र पहाडको जनसङ्ख्यालाई अलगअलग रूपमा प्रस्तुत गर्न थालियो । यसअनुसार पहाडमा कूल जनसङ्ख्याको आधाभन्दा बढी मानिसको बसोबास देखिन्छ । त्यसबेला ५२.६ प्रतिशत मानिस पहाडी भूगोलमा बसेका थिए । तराईमा ३७.६ प्रतिशत मानिसको बसोबास थियो । २०३८ सालको जनगणनाले पहाडी क्षेत्रलाई पहिलोपटक अल्पमतमा रहेको देखायो । यसबेला पहाडको जनसङ्ख्या अघिल्लो दशकमा भन्दा करिब ६ प्रतिशत घटेर ४७.७ प्रतिशतमा सीमित हुनपुग्यो । यसको ठीक विपरीत तराईको जनसङ्ख्याको हिस्सा अघिल्लो दशकभन्दा छ प्रतिशत नै बढ्यो । अर्थात् २०३८ को दशकमा नेपालको तराई क्षेत्रमा ४३.६ प्रतिशत मानिस बसोबास गर्न थाले । यो दशकमा हिमाली क्षेत्रको जनसङ्ख्या पनि उसैगरी ओरालो लाग्ने क्रममा देखियो । अघिल्लो दशकमा ९.९ प्रतिशत जनसङ्ख्या ओगटेको यो भूगोलमा ८.७ प्रतिशत मात्र मानिस देखिए ।

**प्रजातन्त्रको पुनर्स्थापनापछि पनि अवस्था उस्तै**

नेपालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि अर्थात् २०४८ जेठ-असारमा नयाँ जनगणना भयो । यसले पनि जनसङ्ख्या वितरणको पुरानो प्रवृति अर्थात् तराई उन्मुख जनसङ्ख्याको वृद्धिदर उच्च नै देखायो । पहाडको हिस्सा घट्दै गएको तस्बिर यसले सार्वजनिक गऱ्यो । २०४८ सालमा पहिलोपटक तराईमा पहाडमा भन्दा बढी जनसङ्ख्या देखियो । यो वर्ष पहाडमा जनसङ्ख्याको ४५.५ प्रतिशत र तराईमा ४६.७ प्रतिशत जनसङ्ख्याको बसोबास देखियो । माओवादीको सशस्त्र द्वन्द्वको चरम उत्कर्ष समय अर्थात् २०५८ सालमा भएको जनगणनामा पहाडको जनसङ्ख्याको हिस्सा घटेर ४४.३ प्रतिशतमा झऱ्यो भने तराईको ४८.४ मा पुग्यो ।

यसै वर्षदेखि पहाडका केही जिल्ला अब ऋणात्मक वृद्धिदरतर्फ जाँदै छन् भन्ने सङ्केत मिलिसकेको थियो । देशको औसत जनसङ्ख्या वृद्धिदर २.२५ प्रतिशत भएको यो समयमा तेह्रथुम, खोटाङ, पर्वतजस्ता जिल्लाको जनसङ्ख्या वृद्धिदर एक प्रतिशतभन्दा न्यून देखियो ।

**गणतन्त्र स्थापनापछि झन् ठूलो लर्को**

नेपालमा गणतन्त्र आइसकेपछि पहिलोपटक २०६८ सालमा जनगणना भयो । नेपालमा जनगणना सुरु भएको एक शताब्दी पुगेको अवसरमा यो जनगणना भएको थियो । यस जनगणना हिमाली र पहाडी क्षेत्रका लागि सुखद् देखिएन । यसपटक एकैचोटि २७ वटा जिल्लाको जनसङ्ख्या वृद्धिदर ऋणात्मक देखियो । यसरी जनसङ्ख्या क्षति व्यहोर्ने जिल्लाहरू मध्यपहाडी क्षेत्रका धेरै थिए । यसपटक पूर्वमा पाँचथरदेखि पश्चिममा धौलागिरि पूर्वका जिल्लामा ठूलो मात्रामा जनसङ्ख्या कमी भएको देखियो ।

यस जनगणनामा तराईमा पहिलोपटक नेपालको आधाभन्दा बढी जनसङ्ख्या रहेको तथ्याङ्क सार्वजनिक भयो । यहाँ पहाडमा ४३ प्रतिशत जनसङ्ख्या हुँदा तराईमा ५०.३ प्रतिशत जनसङ्ख्या देखियो । यो तथ्याङ्कले एकैचोटि दुईवटा प्रश्न जन्मायो । राजतन्त्रको अन्त्यसँगै मानिस राजनीतिक अधिकार पाए । नेपालीको स्वतन्त्रताको सीमा पनि बढ्यो । यसमा खुसी हुनुपर्ने कारण पनि थियो । तर किन मानिस पहाडी र हिमाली क्षेत्रको परम्परागत थातथलोलाई छोडेर नयाँ गन्तव्यतिर लागेका हुन् ? अर्कोतिर तराईको उर्वर भूमिमा मानिसहरूको चाप बढ्दै गएपछि त्यहाँको अन्न भण्डारमा घरैघर हुने भए ।

पहाडमा मानिस नबसेर खेतबारी बाँझा भए । यसले खाद्यान्नको परनिर्भरतालाई थप मलजल हुने स्थिति देखियो । दोस्रो यही रितले मानिसहरूले पहाडबाट बसाइँ सर्दै तराईतिर झर्ने हो भने पहाडको भविष्य के हुन्छ ? हिजो कुनै बेला औलो र जङ्गली जनवारका कारणले तराई क्षेत्र बस्न अयोग्य भए जस्तै मानिसहरू छोड्दै गएपछि जङ्गल र जङ्गली जनावरको बिगबिगीका कारणले मानिस बस्न योग्य होला त ? यसै समयदेखि पहाडमा बाँदर आतङ्कका समाचारहरू आउन थाले । यो विषय अहिले संसद्मा पनि पटकपटक उठ्ने गरेको छ । विसं २०७८ मा नेपालले सङ्घीय लोकतान्त्रिक गणतन्त्र अवलम्बन गरेपछि पहिलो जनगणना भएको थियो । यसले जनसङ्ख्या वितरणको भौगोलिक परिवेशलाई झनै विकराल देखायो । यसपटक तराईको जनसङ्ख्याको हिस्सा बढेर ५३.६१ देखायो भने पहाडको घटेर ४०.३१ मा सीमित भयो । त्यति मात्र होइन, अघिल्लो दशकमा ऋणात्मक जनसङ्ख्या भएका २७ वटा जिल्ला रहेकामा यस दशकमा हिमाल र पहाडका अरू सातवटा जिल्ला थपिएर ३४ वटा जिल्लाको जनसङ्ख्या ऋणात्मक वृद्धितर्फ गए ।

अघिल्लो दशकमा धौलागिरि पूर्वको पहाडले भोगेको जनसङ्ख्या क्षति यस पटक लुम्बिनीका रोल्पा, रुकुम र कर्णालीका जाजरकोटबाहेक सुदूरश्चिम पहाडसम्म नै यो प्रवृत्ति फैलियो । अघिल्लो दशकमा दुई लाख ६१ हजार सात सय ७० जनसङ्ख्या र १.५० प्रतिशत वार्षिक जनसङ्ख्या वृद्धिदर भएको दैलेख २०७८ मा आइपुग्दा दुई लाख ५२ हजार तीन सय १३ जनसङ्ख्या र ०.३५ प्रतिशतको वृद्धिदरमा झऱ्यो । २०६८ को दशकसम्म बाह्य बसाइँसराइको रोगले नछोएको सुदूरपश्चिम पहाड २०७८ सालमा आइपुग्दा यही रोगबाट आक्रान्त भयो । त्यसबेलाको पहाडी क्षेत्रको गुल्जार कस्तो थियो भन्ने कुरा डोटी जिल्लाको एउटा तथ्याङ्कबाट अनुमान लगाउन सकिन्छ । त्यहाँ २०५८ सालमा दुई लाख सात हजार ६६ जनसङ्ख्या थियो भने जनसङ्ख्या वृद्धिदर २.२ प्रतिशत थियो । २०६८ सालमा यो जनसङ्ख्या दुई लाख ११ हजार सात सय ४६ पुग्यो भने जनसङ्ख्या वृद्धिदर ०.२२ प्रतिशतमा सीमित भयो । २०७८ सालमा त यो जनसङ्ख्या घटेर दुई लाख ४२ हजार एक सय ५७ मात्र भएन वृद्धिदर पनि घटेर -०.३२ प्रतिशतमा झऱ्यो ।

**मानिस किन बसाइँ सर्छ ?**

मानिस किन बसाइँ सर्छ भन्ने सम्बन्धमा विभिन्न मत पाइन्छन् । जर्मनका भूगोलविद् वाल्टर क्रिस्लरले सन् १९३३ मा 'सेन्टर प्लेस थ्योरी' प्रतिपादन गरेका थिए । उनको यो सिद्धान्तमा सहर र गाउँको सम्बन्ध उल्लेख गरिएको थियो । जहाँ सहरले रोजगारी दिन्थ्यो । आर्थिक गतिविधिहरूलाई बढावा दिन्थ्यो । त्यस वरपरका गाउँहरूले यसको फाइदा लिन्थे । गाउँ सहरको सम्बन्ध षडकोण जस्तो हुन्थ्यो । हरेक कोणले गाउँलाई सहरीकरण हुन प्रेरित गरिरहेको हुन्थ्यो । समयक्रममा ती गाउँहरू फेरि सहरमा रुपान्तरण हुन्थे र त्यसभन्दा टाढाका अरू गाउँहरूलाई सहरी सुविधा दिन्थे । यो क्रम लम्बिँदै जान्थ्यो । अनि अर्धसहरी क्षेत्रहरू सहरी क्षेत्रमा परिणत हुन्थे ।

सहरी योजना निर्माणमा संसारभरि नै प्रचलित यो सिद्धान्तले पनि हाम्रा हिमाली र पहाडी गाउँहरूलाई समेट्न नसकेको देखिन्छ । किनकि यी क्षेत्रमा निर्माण भएका हिजोका जिल्ला सदरमुकामका सहर आफैँ रोजगारी र अवसर नपाएर पलायन भइरहेका छन् । सङ्घीयताको जगका रूपमा रहेका पालिका केन्द्रमा सानासाना सहरी स्वरूपमा बजार बढ्लान्, तिनले सानोतिनो रोजगारी उपलब्ध गराउलान् भन्ने धेरैलाई लागेको थियो । स्थानीय तहको संरचना निर्माण भएको आठ वर्ष बितिसक्दा पनि मानिसले अपेक्षित परिणाम पाउन सकेनन् । फलतः मानिस आफ्ना आवश्यकताको खोजीमा गाउँ छोड्दै ठूला सहरतिर पसे । सहरले पनि थेग्न नसकेपछि विदेशतिर अस्थायी र स्थायी रूपमा बसाइँ सर्दै छन् ।

बसाइँ सर्न मानिसलाई सहज छैन । यसले आफ्नो पुर्ख्यौली थलो छोडेर हिँडेको छ । उसका अनुभव सुन्ने हो भन्ने बसाइँ सर्न कति कठिन छ भन्ने अनुमान लगाउन सकिन्छ । पुस्तौँदेखि बसिरहेका छरछिमेकी, पशुचौपायादेखि ढुङ्गामाटोसम्मको माया मानिसले अनुभूत गर्दछ । मानवीय संवेदनायुक्त यो परिवेशलाई चिरेर पराइ ठाउँमा बसाइँ सर्नु आफैँमा साहस र जोखिमको भारी बोक्नु हो तर हरेक चुनौतीसँगै अवसर देख्ने मानवीय स्वभावले मानिसलाई सधैँ माटोसँगको भावनात्मक माया गाँसेर मात्र बसिरहन दिँदैन । त्यसैले उनीहरूले थप स्रोत साधन, शिक्षा, स्वास्थ्य रोजगारी र आफ्ना सन्तानको सुन्दर भविष्यका निम्ति पुर्ख्यौली थलो छोड्छन् । यो मानवीय स्वभावलाई रोक्न खोज्नु खोला थुन्नुजस्तै हो । जनसङ्ख्या परिवर्तनका तीन तत्वमध्ये बसाइँसराइ यस्तो तत्त्व हो, जसले दुवैतिरको जनसङ्ख्यालाई असर गरेको हुन्छ । व्यक्ति जहाँबाट बसाइँ सरेको हो (उद्गम स्थान), त्यसले त्यहाँको जनसङ्ख्या घटाउन मद्दत गरेको हुन्छ भने बसाइँ सरेर जहाँ जाने हो (गन्तव्य स्थान) त्यहाँको जनसङ्ख्या बढाउन मद्दत गर्दछ ।

**बसाइँसराइको लहरो देश बाहिरसम्मै**

बसाइँराइको लहरो देशभित्र मात्र होइन, देश बाहिरसम्म लहरिएको छ । देशका कुनाकाप्चासम्म सडक सञ्जालको विस्तार हुँदै जाँदा र विश्वका विभिन्न देश हवाई मार्गमार्फत जोडिँदा पुर्ख्यौली थलोहरू विराना हुँदै गएका हुन् । मानिसहरू नयाँ नयाँ अवसरको खोजीमा नयाँनयाँ ठाउँमा गएर बसोबास गरिरहेका छन् । बसाँइसराइको यो प्रवृत्तिले समाजमा र देशमा पर्नसक्ने र परिरहेका असर र प्रभावप्रति भने सरकार जानकार हुनुपर्दछ ।

मानिसको चहलपहलअनुसार नै विकासका ढाँचाहरू बदलिनु पर्दछ । देशका नागरिक जता गए पनि यसलाई दिने सुविधा पनि त्यतै केन्द्रित गर्नुपर्दछ । गाउँठाउँमा अल्पमतमा बसेका मानिसहरूलाई पनि राज्यले सुविधा दिनैपर्दछ तर उनीहरूलाई एकीकृत वस्तीमार्फत एक ठाउँ जुटाएर सहजै विकासका पूर्वाधार पुऱ्याउनतर्फ सरकारले सोच्ने बेला भएको छ ।

*(लेखक जनसङ्ख्या विषयमा अभिरुचि राख्ने पत्रकार हुनुहुन्छ)*



*जनताको...*
सङ्घर्ष अघि बढेको उल्लेख गर्दै किसान सङ्घ नै नेमकिपाको जग हो भन्नुभयो ।

पार्टीको मार्गनिर्देशक सिद्धान्तअनुसार बहुमत जनता किसान र मजदुरको पक्षमा राजनीति गर्नुपर्ने उल्लेख गर्दै उहाँले नेमकिपाको सिद्धान्त र विचार कामदारवर्गको हितको निम्ति हो भन्नुभयो ।

किसान सङ्घको आन्दोलनले नै जनजीवनमा सहज भएको कुरा नयाँ पुस्तामाझ पुऱ्याउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले नेमकिपाले भ्रष्टाचारको विरोध, सुस्ता बचाउ आन्दोलनलगायत देशभक्ति आन्दोलन गरिरहेको चर्चा गर्नुभयो ।

जमिनदार र पुँजीपतिवर्गले गरिब जनताको सेवा नगर्ने स्पष्ट पार्दै उहाँले भन्नुभयो, "जनताको निम्ति लड्ने कार्यकर्ताहरू शत्रुसामु झुक्दैनन्; ठुला दलका नेताहरूमा राजनीतिक इमानदारिता र नैतिकता छैन ।"

वर्गीय सङ्गठनहरू पार्टीको हात खुट्टा भएको हुँदा जहिल्यै क्रियाशील भइरहनुपर्ने उल्लेख गर्दै उहाँले विदेशी दलाल र देशघाती कदमको विरोध गरी धनी र गरिबको भेद हटाउन आन्दोलन गर्नुपर्ने बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष गङ्गाराम ज्याख्वको सभापतित्वमा भएको उक्त उद्घाटन समारोहमा नेमकिपा नगर समिति भक्तपुरका प्रतिनिधि विष्णुराम दुमरु, नेक्राशिसङ्घ नगर समिति भक्तपुरका अध्यक्ष गणेशराम थुसा, नेक्रामजदुरसङ्घ नगर समितिका प्रतिनिधि गणेशप्रसाद सुवालले पनि शुभकामना मन्तव्य दिनुभएको थियो ।

उद्घाटन समारोहमा नेक्रायुसङ्घ नगर समितिका अध्यक्ष जगतराम धुख्वा, नेक्रामसङ्घ नगर समितिका प्रतिनिधि मीरा दुगुजु र नेक्राविसङ्घ नगर समितिका प्रतिनिधि उज्ज्वल ह्योंगोजुले पनि शुभकामना मन्तव्य दिनुभएको थियो ।

सहिदप्रति १ मिनेट मौनधारण गरिएको सो कार्यक्रममा आयोजक समितिका सदस्य राम प्रजापतिले स्वागत मन्तव्य दिनुभएको थियो ।

उक्त भेलामा पुराना अग्रज किसान कार्यकर्ता र जनआन्दोलनका योद्धाहरूको पनि उपस्थिति थियो ।

## हार्दिक समवेदना




जन्म : १९८४।१०।६
निधन : २०८०।११।२३

यस समूहका सदस्य रामेश्वरी दुवालकी सासूआमा **नानीबेटी दुवाल**को असामयिक स्वर्गारोहण भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**पूर्व कर्मचारी समूह**
भक्तपुर नगरपालिका

## हार्दिक समवेदना



जन्म
१९८४।१०।६

निधन
२०८०।११।२३

नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालकी ममतामयी आमा तथा यस समितिका सदस्य धर्मलक्ष्मी लघु (दुवाल)की सासूआमा **नानीबेटी दुवाल**को दु:खद निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**नेपाल मजदुर किसान पार्टी**
भक्तपुर न.पा.वडा नं.७ वडा पार्टी समिति

"आर्थिक समृद्धिका लागि बाराही सहकारी"
**श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.**
Shree Barahi Saving & Credit Co-operative Society Ltd.
ACCESS BRONZE
भुलाँचा-४,भक्तपुर, फोन नं. ०१-६६११३६४

## सहकारी बनभोज तथा धार्मिक स्थल अवलोकन कार्यक्रमसम्बन्धी सूचना

यस संस्थाको युवा, सदस्य तथा बचत र महिला उपसमितिको सयुंक्त आयोजनामा निम्न मिति, समय र स्थानमा हुन गइरहेको सहकारी बनभोज तथा धार्मिक स्थल अवलोकन र दर्शन कार्यक्रममा सहभागी हुन इच्छुक सदस्यहरूले मिति २०८० चैत १४ गतेभित्र संस्थामा नाम दर्ता गरिदिनुहुन हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रम**
**बनभोज हुने मिति** : २०८० चैत १७ गते, शनिबार ।
**प्रस्थान समय** : बिहान ठीक ७ :०० बजे संस्थाको प्राङ्गणबाट
**स्थान** : टोखा चण्डेश्वरी मन्दिर, सपन तीर्थ
**शुल्क** : १० वर्षसम्मको बालबचतहरूलाई रु.५००।- मात्र ।
१० वर्ष भन्दामाथिका बालबचतहरूलाई रु.८००।- मात्र ।
शेयर सदस्यहरूलाई रु.१०००।- मात्र ।

*आयोजकः श्री बाराही साकोस*

नेपालमै पहिलोपल्ट ISO 9001:2015
मान्यता प्राप्त कम्पनीद्वारा उत्पादित
**गोर्खा इको प्यानल**

मेरो घर, Gorkha Eco Panel को भर
GORKHA ECO PANEL
PREFAB WALLS H-BEAMS ROOFS FLOORS

गोर्खा इको प्यानलका विशेषताहरु
अग्नि प्रतिरोधी
पानी प्रतिरोधी
ध्वनी प्रतिरोधी
ताप प्रतिरोधी
लागत बचत
छिटो जडान
ऊर्जा बचत
स्थान बचत
भूकम्प प्रतिरोधी

गोर्खा इको प्यानलका उपयोगिताहरु
- व्यापारिक भवन, सपिङ्ग मल तथा अपार्टमेन्ट
- विद्यालय भवन
- स्थायी तथा अस्थायी आवासिय भवन आदि निर्माण गर्न सकिन्छ




कोभिड-१९ क्वारेन्टिन भवन
थोरै समयमा
निर्माण सम्पन्न गर्न सकिने

ईन्टरनेशनल ग्रिन डेभलपर्स नेपाल प्रा. लि. (IGDN)
(Al Khajah Establishment & factories, Bahrain) सँगको संयुक्त लगानीमा स्थापित
राधे राधे, मध्यपुर थिमि, भक्तपुर, नेपाल
info@gorkhaecopanel.com
fb.com/gorkhaecopanel
०१-६६३ २६९८, ६६३ ६६९८

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

## ऋण व्यवस्थापनसम्बन्धी तालिम हुनेबारे सूचना

भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाका ऋण उपसमितिका पदाधिकारीहरूलाई भक्तपुर नगरपालिकाबाट एकदिने ऋण व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गर्ने भएकोले इच्छुक सहकारी संस्थाबाट एक जना २०८०।१२।१४ गतेभित्र दर्ता शुल्क रु. १००।- भ.न.पा.को कर उपशाखामा रसिद काटी निवेदन भक्तपुर नगरपालिकाको सहकारी शाखामा दर्ता गर्न आउनु हुन अनुरोध गर्दछु । साथै पहिलो समूहमा ३० जनाको मात्र कोटा भएकोले पहिला आउनेलाई प्राथमिकता क्रममा राखिने व्यहोरासमेत अनुरोध गर्दछु ।

**कार्यक्रम**
**तालिम मिति** : २०८० चैत १५ गते
**समय** : बिहान १०:०० बजे
**स्थान** : भ.न.पा.को सभा कक्ष

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

## सेवा कामना बहुउद्देश्यीय सहकारी संस्था सार्नेबारे सूचना

वाग्मती प्रदेश सरकारले प्रदेशकै कानुनविपरीत आ.व. २०७७/०७८ र २०७८/०२९मा बहुउद्देश्यीय सहकारी संस्थाहरू दर्ता गरी भक्तपुर नगरपालिकाभित्र साइनबोर्ड राखी सञ्चालनमा रहेकोमा मिति २०७८।६।१४ गतेको भक्तपुर नगरपालिकाको कार्यपालिका बैठकबाट नगरपालिकाको सिफारिसबेगर दर्ता भइआएका सहकारीहरूलाई भक्तपुर नगरभित्र सञ्चालन गर्न नदिने भनी निर्णय भएबमोजिम मिति २०७८ कार्तिक ७ र ८ गते, मिति२०७९।८।२७ र २८ गते र मिति २०७९ माघ २४ र २७, फागुन २ र ५ गते 'मजदुर' दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत गैरकानुनी रूपमा सञ्चालित सहकारी संस्थाहरूमध्ये भक्तपुर नगरपालिका वडा नं. १० कमलविनायकस्थित सेवा कामना बहुउद्देश्यीय सहकारी संस्था अझै अटेर गरी नसरी बसेको हुँदा २०८०।११।३० गतेको बैठक निर्णयअनुसार ३५ (पैतीस) दिनभित्र अन्यत्र सार्ने व्यवस्था गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचनालाई बेवास्ता गरी कार्यालय सञ्चालन गरिराखेको पाइएमा कानुनी कारबाही गर्ने व्यहोरासमेत अनुरोध गरिएको छ । साथै यस्ता सहकारीहरूमा रकम जम्मा नगर्नसमेत सर्वसाधारणको जानकारीको लागि अनुरोध गरिएको छ ।

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा